# प्रभाव दैनिक
National Daily

वर्ष ७ | अंक २१९ | काठमाडौं | शनिबार, ११ पुस २०७७ | Prabhab National Daily, Saturday, December 26, 2020 | URL www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



रोगको समयमा उपचार गर्नुपर्छ । उपचारका लागि धामी, झाँक्रीकहाँ होइन, स्वास्थ्यकर्मी एवं स्वास्थ्य संस्थामा जाऔं ।

नेपाल सरकार
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
सूचना तथा प्रशारण विभाग


सन्दर्भ : वैदेशिक रोजगार

## कोरियाले ५२ हजार कामदार लाने



■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण कोरियाको प्रवासी श्रमिक कोटा निर्धारण समितिको बुधबार बसेको बैठकले सन् २०२१ लागि इपिएसअन्तर्गत लैजाने प्रवासी श्रमिकको कोटा ५२ हजार निर्धारण गरेको छ । यो संख्या नेपालसहित अन्य १६ मुलुकका लागि हो । यो संख्या २०२० को तुलनामा चार हजार कम हो ।

कोरोनाका कारण २०२० को कोटामध्येका ३० हजार ९०९ प्रवासी श्रमिक कोरिया आउन पाएका छैनन् । सन् २०२१ मा तोकिएको ५२ हजारमध्ये उत्पादन क्षेत्रमा ३७ हजार ७००, कृषि क्षेत्रमा छ हजार ४००, मत्स्यपालन क्षेत्रमा तीन हजार, निर्माण क्षेत्रमा एक हजार ८००, सेवा क्षेत्रमा (पुरानो सामान बटुल्ने छान्नेमा) १०० जना तोकिएको छ । यो कोटामध्ये ४० हजार नयाँ आउनेछन् भने १२ हजार कमिटेड (प्रतिबद्ध पुनः प्रवेश) श्रमिक आउनेछन् । अप्रिलसम्ममा २२ हजारको रोजगार अनुमतिपत्र जारी गरिने भनिएको छ ।

# मन्त्रिमण्डलमा हेरफेर

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी ओलीले मन्त्रिपरिषद्मा हेरफेर गरेका छन् । गत ५ पुसमा प्रधानमन्त्री ओलीले संसद विघटन गर्नेबित्तिकै तत्कालै सात मन्त्रीहरूले सामूहिक राजीनामा दिएपछि रिक्त मन्त्री पदमा शुक्रबार पुराना मन्त्रीको जिम्मेवारी हेरफेरसहित नयाँ मन्त्रीको शपथग्रहण गराएका हुन् ।

नयाँ मन्त्रीहरूको शपग्रहण कार्यक्रममा विघटित प्रतिनिधिसभाका सभामुख अग्नि सापकोटाको भने उपस्थित थियो । प्रधानमन्त्री ओलीले मन्त्रिपरिषद्का सदस्यहरू हेरफेर गर्दा राज्यमन्त्रीसहित नयाँ नौ जना अनुहारले जिम्मेवारी दिएका छन् ।

प्रधानमन्त्री ओलीले टोपबहादुर रायमाझीलाई ऊर्जा, मणि थापालाई खानेपानी, प्रभु साहलाई सहरी विकास र प्रेम आलेलाई वन मन्त्रालयको जिम्मेवारी दिएका छन् । त्यसैगरी गणेश ठगुन्ना सामान्य प्रशासन, गौरीशंकर चौधरी श्रममन्त्री र दावा लामा युवा तथा खेलकुदमन्त्री बनेका छन् ।



जुलीकुमारी महतोले महिला बालबालिका मन्त्रालयको जिम्मेवारी पाएकी छन् भने विमला विश्वकर्मा उद्योग राज्यमन्त्री बनेकी छिन् । त्यस्तै महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री लिलानाथ श्रेष्ठले कानुन मन्त्रालयको जिम्मेवारी पाएका छन् भने यसअघि स्वास्थ्य मन्त्री रहेका भानुभक्त ढकाल संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको जिम्मेवारीमा पुगेका मन्त्रिपरिषद् हेरफेरमा पूर्वमाओवादी नेताहरूको बाहुल्य रहेको छ ।

नेता टोपबहादुर रायमाझी, प्रभु शाह, मणि थापा, गौरीशंकर चौधरी, दावा तामाङ र विमला विकले ले प्रचण्डको साथ छाडेर केपी ओलीलाई साथ दिएका हुन् ।

शुक्रबारको मन्त्रिमण्डल हेरफेरमा पुष्पकमल दाहाललाई छाडेका ५ नेतालाई मन्त्री उपहार मिलेको छ । सत्तारुढ नेकपाका अध्यक्ष दाहालको समूहबाट बाहिरिँदा ५ जना पूर्वमाओवादी नेताले मन्त्री पद पाएका हुन् । दाहालनिकट नेता रायमाझी, थापा, चौधरी, शाह र तामाङले ओली नेतृत्वको सरकारमा मन्त्री पद पाएका हुन् ।

यता, वर्तमान खेलकुद मन्त्री जगत विश्वकर्मा र उद्योग राज्यमन्त्री मोती दुगडलाई भने मन्त्रीबाट हटाइएका छन् । प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाका अनुसार दुईजना मन्त्री हटाइएको छ भने ८ नयाँ मन्त्री नियुक्त भएका छन् ।

यता, संसद विघटनलाई आत्मघाती भनेको छ दिनमै प्रभु साहले भने मन्त्री पद हात पारेका छन् । प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा विघटनलाई आत्मघाती भनेको छ दिनपछि साहले मन्त्रीको शपथग्रहण गरेका हुन् । उनले सहरी विकास मन्त्रीको जिम्मेवारी पाएका छन् । उनी दुई दिनअघि पनि दाहाल-नेपाल समूहको बैठकमा सहभागी भएका थिए ।

माधवकुमार नेपाललाई वरीयतामा अध्यक्ष बनाउँदा दाहालको हैसियतमा राखिएको भन्दै केन्द्रीय कमिटीको बैठकमै विरोध जनाएका थिए । अध्यक्ष नेपालसँगको विमति हुँदा उनी ओली समूहमा लागेको बताइएको छ । नेता साहले गत आइतबार राष्ट्रपतिले संसद विघटन गरेपछि फेसबुक स्टाटस लेख्दै आत्मघाती कदम भनेका थिए ।







### नेकपा दाहाल-नेपाल समूह आयोगमा

# आधिकारिकताका लागि ज्ञापन

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल कम्युनिस्ट पार्टी (नेकपा) दाहाल-नेपाल समूहले निर्वाचन आयोगसमक्ष पार्टीको आधिकारिता र चुनाव चिह्न दाबी गर्दै ज्ञापनपत्र बुझाएको छ । पार्टी अध्यक्ष पुष्पकमल दाहाल र माधवकुमार नेपाललगायत नेता आयोग पुगी प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियालाई शुक्रबार ज्ञापनपत्र बुझाएको हो ।

सो अवसरमा अध्यक्ष दाहालले नेकपाको ४४१ सदस्यीय केन्द्रीय कमिटीमध्ये दुई तिहाइ अर्थात् २९५ जनाको दस्तखत आफ्ना पक्षमा रहेको जिकिर गर्दै दलको आधिकारिता र चुनाव चिह्न आफूले पाउनुपर्ने माग गरे । उनले संविधानको मर्म, ऐन र नियमको आयोग जानकार रहेकाले आफूहरूलाई भरोसा र विश्वास छ, आयोग हाम्रो संवैधानिक व्यवस्थाअनुसार नै आधिकारिकता, चुनाव चिह्न र नामावलीबारे निर्णयमा पुग्नेछ ।

आयोगले सबै केन्द्रीय सदस्यलाई बोलायो भने उपस्थित हुन तयार रहेको विश्वास दिलाउँदै अध्यक्ष दाहालले आधिकारिताका लागि त्यसभन्दा ठूलो अरू प्रमाण केही हुन सक्दैन भने । उनले हामी सबै हस्ताक्षरकर्तालाई बोलाएर दस्तखत रुजु गरिनुपर्ने भन्दै यस विषयलाई हाम्रो परम्परा, कानुन, नियमअनुसार छिटो टुंग्याइयोस् ।




अर्का अध्यक्ष नेपालले पार्टीको आधिकारिकता र चुनाव चिह्नबारे कानून र विवेकसम्मत ढङ्गबाट निर्णयमा पुग्न आयोगलाई सुझाव दिए । उनले लोकतान्त्रिक मूल्यमान्यता, संविधान र कानुनका आधारमा उठेका प्रश्न छिनोफानो हुनेछ भन्ने आफूहरूलाई विश्वास रहेको बताए ।

सो अवसरमा प्रमुख आयुक्त थपलियाले संविधान र निर्वाचनसम्बन्धी कानुनमा व्यवस्था भएअनुरूप विवाद निरूपणको प्रक्रिया प्रारम्भ हुने जानकारी दिए । उनले विधान, स्थापित नजिर र प्रचलित कानुनका आधार आधारमा ऐनले दिएको अधिकार क्षेत्रभित्र रही अत्यन्तै न्याय हुने ढंगबाट आयोगले न्याय निरूपण गर्ने पनि बताए ।

सडकमा नेकपा

यता, नेकपा दाहाल-नेपाल समूहले प्रतिनिधिसभा विघटनका विरुद्धमा सडक आन्दोलन थालेको छ । नेकपाको बिहीबार सम्पन्न तेस्रो केन्द्रीय कमिटीको बैठकले प्रतिनिधिसभा विघटन गर्ने सरकारको कदमविरुद्ध देशव्यापी प्रदर्शन गर्ने निर्णय गरेको थियो ।

माइतीघर मण्डलमा शुक्रबार आयोजित करिब एक घन्टाको विरोध प्रदर्शनमा पार्टी अध्यक्षद्वय पुष्पकमल दाहाल र माधवकुमार नेपाल, वरिष्ठ नेता झलनाथ खनाल, प्रवक्ता नारायणकाजी श्रेष्ठ, स्थायी र केन्द्रीय कमिटी सदस्य, राष्ट्रियसभा र विघटित प्रतिनिधिसभाका सदस्य तथा विभिन्न जनवर्गीय संगठनका नेता सहभागी थिए ।

विरोध प्रदर्शनमा सहभागीले प्रतिनिधिसभा पुनःस्थापना गर्न माग गरेका थिए । प्रदर्शनमा सहभागी नेता तथा वर्तमान र पूर्वसांसदले प्रतिनिधिसभा भङ्ग नभएको संकेत दिन 'हामी यही छौँ' भन्ने पम्पलेट बोकेका थिए । निर्वाचन चिह्न आफूहरूकै रहेको जिकिर गर्दै उनीहरूले 'सूर्य' चिह्न बोकेका थिए ।

नेकपाको आधिकारिकता आफूहरूसँगै रहेको जनाउ दिन नेताकार्यकर्ता माइतीघरबाट नाराजुलुस गर्दै भद्रकाली, रत्नपार्क हुँदै कान्तिपथस्थित निर्वाचन आयोग पुगेका छन् । नेकपाको सो समूहले प्रतिनिधिसभा विघटनविरुद्ध प्रदर्शन गरेलगत्तै विवेकशील साझा पार्टीका कार्यकर्ताले पनि माइतीघरमा विरोध प्रदर्शन गरेका छन् ।

# संवैधानिक इजलासमा राणा, कार्की, श्रेष्ठ, सिन्हा र केसी

■ प्रभाव संवाददाता

**काठमाडौं–** सर्वोच्च अदालतमा प्रतिनिधिसभा विघटन गर्ने निर्णयविरुद्ध परेका रिट निवेदन संवैधानिक इजलासमा पेशी तोकिएको छ । प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा तथा न्यायाधीश हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा र तेजबहादुर केसीको संवैधानिक इजलासमा उक्त पेशी तोकिएको हो ।

प्रधानमन्त्रीका सिफारिसमा राष्ट्रपतिले यही ५ पुसमा प्रतिनिधिसभा विघटन गरेको निर्णयविरुद्ध १३ रिट निवेदन परेको थियो । राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सभामुखलगायतलाई विपक्षी बनाई विघटित प्रतिनिधिसभाका सदस्य देवप्रसाद गुरुङ, कृष्णभक्त पोखरेल, शशी श्रेष्ठ र रामकुमारी झाँक्रीका तर्फबाट अधिवक्ता प्रवेश केसीले निवेदन दायर गरेका थिए ।

त्यस्तै वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी तथा अधिवक्ता शालिकराम सापकोटा, ज्ञानेन्द्रराज आरण, समृत खरेल, कञ्चनकृष्ण न्यौपाने, सन्तोष भण्डारी, दीपक राई, अमिता गौतम, लोकेन्द्रबहादुर केसी, कमलबहादुर खत्री, मनिराम उपाध्याय, तुलसी सिंखडा र अच्युतप्रसाद खरेलले निवेदन दायर गरेका थिए । रिट निवेदनमा निवर्तमान सांसदले प्रधानमन्त्रीका सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गर्ने गरी गरेको निर्णयबाट प्रतिनिधिसभाको पाँच वर्षसम्म प्रतिनिधित्व गर्न पाउने हकबाट वञ्चित भएको जनाउँदै सो निर्णय बदर गर्न माग गरिएको छ ।

कानुन व्यवसायीले दायर गरेको रिट निवेदनमा प्रधानमन्त्रीले गरेको सिफारिस र सो सिफारिसका आधारमा राष्ट्रपतिद्वारा प्रतिनिधिसभा विघटनसम्बन्धी सम्पूर्ण कामकारवाही र सो सिफारिसका आधारमा भएगरेका सम्पूर्ण कार्य नेपालको संविधानको धारा १३३ को उपधारा २ र ३ बमोजिम उत्प्रेषणका आदेशबाट बदर गरी प्रतिनिधिसभाले गर्नुपर्ने काम सम्पन्न गर्न उपयुक्त आदेश गर्न माग गरिएको छ । यसअघि प्रधानन्यायाधीशको एकल इजलासले नियमित इजलासमा दर्ता भएका १२ रिट निवेदन संवैधानिक इजलासमा सुनुवाइ गर्ने आदेश जारी गरेको थियो ।

# मंसिरमा १३९ लैंगिक विभेद्का घटना

■ प्रभाव संवाददाता

**काठमाडौं–** गत महिनामा मात्र मुलुकभर १३९ वटा लैंगिक विभेद्मा आधारित हिंसाका घटना भएका छन् । महिला पुनर्स्थापना केन्द्र (ओरेक)ले मंसिरमा आफ्नो कार्यालयमा १११ तथा विभिन्न राष्ट्रिय पत्रपत्रिकाबाट प्राप्त समाचारअनुसार २८ गरी १३९ लैंगिक विभेदमा आधारित हिंसाको तथ्यांक संकलन भएको जनाएको छ ।

यस अवधिमा महिलामाथि ६५ घरेलु हिंसाका घटना, ३० सामाजिक हिंसा, २४ बलात्कार, छ यौन दुर्व्यवहार, नौ हत्या सम्बन्धी घटनाका विवरण संकलन भएको ओरेकको 'महिला माथि भएको हिंसाको मासिक प्रतिवेदन, मंसिर ०७७' मा उल्लेख छ ।

उमेरको आधारमा विश्लेषण गर्दा सबैभन्दा धेरै ४८ जना १७ देखि २५ वर्ष उमेर समूहका बालिका, किशोरी र युवा महिला बढी हिंसाको जोखिममा रहेको पाइएको ओरेकका कार्यकारी निर्देशक लुभराज न्यौपानेले जानकारी दिए । त्यस्तै प्रभावित र आरोपितको सम्बन्ध हेर्दा सबैभन्दा बढी ५६ हिंसा श्रीमान्बाट भएको छ भने ३१ छिमेकीबाट, २२ परिवारका सदस्यबाट, १८ प्रेमीबाट, पाँच अपरिचित व्यक्तिबाट, दुई सेवा प्रदायकबाट, दुई शिक्षकबाट, दुई साथीबाट, एक हिंसाका घटना अविवाहित तर सँगै बसेका पुरुषबाट भएको पाइएको छ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वनस्पति विभाग
प्राकृतिक सम्पदा अनुसन्धानशाला
थापाथली, काठमाण्डौ

राशन ठेक्काको बन्दोवस्त सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७७/०९/११)

यस अनुसन्धानशालाको एनिमल हाउसमा पालिएका जनावरहरुको लागि २०७७ माघ १ देखि २०७८ पौष मसान्त सम्मको लागि राशन ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ईजाजत प्राप्त व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीबाट रु. १,०००/- (फिर्ता नहुने) तिरी शिलबन्दी दरभाउपत्र यस कार्यालयबाट खरिद गर्न सकिने छ । खरिद गरिएका दरभाउपत्र १६ औं दिनको १२:०० वजेसम्म दाखिला गरिसक्नु पर्नेछ । दरभाउपत्र दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै भोलिपल्ट उक्त कार्यहरु हुनेछन् । विस्तृत जानकारीको लागि प्रशासन शाखामा सम्पर्क राख्न वा कार्यालयको सूचना पाटीमा हेर्नुहुन समेत सूचीत गरिन्छ ।

# 'प्रतिनिधिसभा विघटन प्रधानमन्त्रीको लोकतान्त्रिक अधिकार'

■ प्रभाव संवाददाता

**काठमाडौं–** गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले प्रधानमन्त्री केपी ओलीले गरेको प्रतिनिधिसभा विघटनको सिफारिस लोकतान्त्रिक अधिकार रहेको बताएका छन् । राष्ट्रिय युवा संघ गण्डकीले शुक्रबार पोखरामा आयोजना गरेको युवा भेलालाई सम्बोधन गर्दै उनले संसद विघटन सबैभन्दा लोकतान्त्रिक, संवैधानिक र गणतन्त्रात्मक कुरा रहेको जिकिर गरे ।

उनले बहुदलीय शासन प्रणालीमा बहुमत प्राप्त प्रधानमन्त्रीलाई जनताले दिएको म्यान्डेटअनुसार काम गर्ने वातावरण रहेन भने प्रधानमन्त्रीले नयाँ जनमतका लागि संसद भंग गरेर निर्वाचन घोषणा गर्न सक्छ, यो संसदीय मूल्य र मान्यताको कूरा भएको बताए ।

नेता गुरुङले संसदीय प्रणालीमा प्रधानमन्त्रीले गरेको सिफारिस लोकतान्त्रिक र संविधानअनुसार हुने भएकाले अब संसद पुनर्स्थापना हुनै नसक्ने दाबी गरेका छन् । सरकार चलाउन आफ्नै दलबाट घेराबन्दी गरेर जनताले दिएको मतको अपमान गर्ने परिपाटी अन्त्य गर्नका लागि प्रधानमन्त्री ओलीले जनताबाट फैसला गराउन चाहेको उनको भनाइ छ ।

नेकपा ओली समूहका नेता महेश बस्नेतले जनतामा गएर मत लिने कुरालाई गलत अर्थ लगाउन नहुने भन्दै सरकारको घोषणालाई अदालतले समेत साथ दिने विश्वास व्यक्त गरेका छन् । अर्का नेता खगराज अधिकारीले तोकिएको मितिमा प्रतिनिधिसभा निर्वाचन भई छाड्ने बताउँदै युवालाई चुनावको तयारीमा लाग्न निर्देशन दिए ।

राष्ट्रिय युवा संघका सहसंयोजक रमेश पौडेलले शीर्ष नेताका असहयोग र घेराबन्दीका कारण केपी ओली नेतृत्वको सरकारले अप्ठ्यारोमा पार्ने काम भएको उल्लेख गरे ।

## आजको राशिफल

**ज्योतिषाचार्य रोदना घिमिरे**
**उपप्राध्यापक**

आज मिति २०७७ साल पौष ११ गते शनिबार, द्वादशी, तिथि मार्गशीर्षशुक्लपक्षः सुर्योदय ६:५५ सुर्यास्त १७:१५ मोक्षदा द्वादशी ।

- **मेष** अपरान्नसम्ममा भाग्यले साथ दिन सक्नेछ ।
- **वृष** आफन्तजनमा विवाद पर्नाले मानसिक चिन्ता बढ्नेछ ।
- **मिथुन** वस्त्र, अलंकारका सामानहरू प्राप्त हुन सक्नेछ ।
- **कर्कट** मान सम्मान प्राप्त हुदा मन खुशि हुनेछ ।
- **सिंह** आफु बसेको ठाउँ छोडेर अन्यत्र जानुपर्ने हुन सक्छ ।
- **कन्या** अयोग्य भोजनका कारण रोग लाग्न सक्नेछ ।
- **तुला** यात्रा गर्ने अवसर प्राप्त हुदा सवारी सुख समेत मिल्न सक्छ ।
- **वृश्चिक** उद्योग व्यवसायबाट राम्रो सफलता हासिल हुन सक्छ ।
- **धनु** अध्ययन, अध्यापनको क्षेत्रमा विशेष रूचि हुनेछ ।
- **मकर** आफुले गरेका कार्यमा सफलता प्राप्त हुन सक्छ ।
- **कुम्भ** अतिथिको सेवा गर्ने मौका मिल्न सक्नेछ ।
- **मीन** अनावश्यक विवादका कारण छट्पटी महशुस हुनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

पुस १० गते, २०७७, २५ डिसेम्बर २०२०)

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



आधिकारिता र चुनाव चिह्न दाबी

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) दाहाल, नेपाल समूहले शुक्रबार निर्वाचन आयोगसमक्ष पार्टीको आधिकारिता र चुनाव चिह्न दावीका लागि आयोगतर्फ जाँदै नेता तथा कार्यकर्ताहरू । तस्बिर : रासस

# जयबागेश्वरीमा नवदुर्गा नाच

**काठमाडौं–** मल्लकालदेखि भक्तपुरबाट नवदुर्गाका गण आएर पशुपति क्षेत्रको जयबागेश्वरीमा देखाउने गरेको नाच यस वर्ष सीमित व्यक्तिका बीच सम्पन्न गरिएको छ ।

रणजित मल्लको पालामा सुरु भएको नवदुर्गा नाच प्रत्येक वर्ष मार्गशीर्ष शुक्ल नवमीमा पशुपतिमा आई मोक्षदा एकादशीका दिन सम्पन्न गरी फर्कने चलन छ । नवदुर्गा, भैरव, गणेशलगायत देवीदेवताको मूर्तिसहित नवदुर्गाका गण भक्तपुर दरबार क्षेत्रबाट पैदल पशुपति आउँछन् । पैदल आउनेक्रममा पुलबाट समेत नहिँडी नदीमा पैतालाले छोएर तर्नुपर्ने नियम रहेको पशुपति क्षेत्रका मूर्तअमूर्त संस्कृतिका विषयमा खोज गरिरहेका मुकुन्दराज वैद्यले जानकारी दिए ।

नवदुर्गाका गण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको रनवेबाट आई त्यहीँबाट फर्कने गरेका छन् । दुई सय वर्षभन्दा पुरानो नवदुर्गा नाचको मार्गमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बनेपछि यही मार्ग भएर आउने गरिएको हो । विमानस्थलको सुरक्षामा खटिएको सुरक्षा समूहले समेत नवदुर्गाका गणलाई आउने दिने गरेको पनि उनले बताए ।

नाच देखाउने क्रममा नवदुर्गाका गण नवमी र दशमी गरी दुई रात जयबागेश्वरीस्थित नवदुर्गा डबलीअघिको देवता घरमा बस्ने गरेका छन् । विगत वर्षमा कम्तीमा पनि २०० भन्दा बढी नवदुर्गाका गण आउने गरेकामा यस वर्ष कोरोना महामारीका कारण ५० जना मात्र बोलाएर जात्राको विधि पूरा गरिएको ०३९ देखि नै यो जात्रालाई सहयोग एवं समन्वय गर्दै आएका काठमाडौं महानगरपालिका–८ का पूर्ववडाध्यक्ष सुवर्ण वैद्यले बताए ।

जयबागेश्वरी ल्याएपछि देवीलाई पशुपति क्षेत्र विकास कोषअन्तर्गतको अमालकोट कचहरीका तर्फबाट बलिसहित पूजा दिने परम्परा छ । तान्त्रिक विधिमा आधारित नवदुर्गा नाचका क्रममा यो संस्कृतिलाई गिज्याउँदा दुष्परिणाम भोग्नुपरेका उदाहरणसमेत छन् । नवदुर्गा नाच पशुपति क्षेत्रसँगै बनेपाको चण्डेश्वरी, टोखा चण्डेश्वरी, साङ्ला, ठिमीलगायत स्थानमा रहेका देवी मन्दिरअघि समेत लगेर नाच देखाउने परम्परा छ । ०३० तिर बनेपामा देवी नाच चलिरहेका बेला एक व्यक्तिले गिज्याएपछि नाचिरहेका गणले लगाएको चुराले आगलागी भएको वैद्यको स्मरणमा अझ ताजा छ ।

पशुपति क्षेत्रमा हरिसिद्धिको जात्रा आउने वर्ष भने नवदुर्गाका गण आउँदैनन् । विगतमा हरिसिद्धि र नवदुर्गाको नाच जयबागेश्वरीमा एकैपटक आएका बेला दुवै देवीबीच झगडा भएकाले हरिसिद्धि आउने वर्ष नवदुर्गा नआउने नियम बसालिएको हो । आगामी वर्ष ०७८ को मार्गशीर्ष शुक्ल नवमीमा हरिसिद्धिको नाच जयबागेश्वरी आउने पालो छ ।

जाडो महिनामा जात्राको समय पर्ने भएकाले दुई रातसम्म नवदुर्गा डबलीअघि गणलाई आगो बालेर ताप्ने व्यवस्थासमेत मिलाइन्छ । यो जात्रालाई विसं २०३९ देखि नै स्थानीयवासीले पैसा उठाएर सहयोग गर्दै आएका छन् । यसको व्यवस्थापन हाल जयबागेश्वरी युवा क्लबले गर्ने गरेको अध्यक्ष दिलीप वैद्यले बताउनुभयो । नवदुर्गाका गणलाई जयबागेश्वरीवासीले घर घरमा लगी टीका लगाइदिने मीठा कुरा खान दिने आदि फर्माइस पूजाको परम्परा रहेपनि यस वर्ष कोरोना महामारीका कारण डबलीबाट अन्यत्र जान नमिल्ने गरी व्यवस्था मिलाइएको पनि उहाँले बताउनुभयो । यस वर्ष दूरी कायम गरी स्वास्थ्य सुरक्षाका मापदण्ड पूरा गरेर नाच देखाइएको छ ।

विगतमा नवदुर्गाका गणका नाममा गुठी राखिएकामा मासिएपछि विभिन्न स्थानमा गएर जात्रा देखाउन स्रोतको समस्या हुने गरेको गणनायकको भूमिकासमेत निभाउँदै आउनुभएका दयाराम वनमाला बताउनुहुन्छ । गुठी मासिएपछि नाच लैजाने स्थलका स्थानीयवासीको साथ र सहयोगमा यो ऐतिहासिक परम्पराले निरन्तरता पाउँदै आएको छ ।

यस नाचका क्रममा नवदुर्गालाई पशुपतिनाथको मूल मन्दिर परिसरमा समेत परिक्रमा गराउने विधि रहेको गणका सदस्य बुद्धिबहादुर वनमालाले सुनाए । यो जात्राका क्रममा तीन दिनसम्म जयबागेश्वरी मन्दिरअघिबाट सिफल जाने मार्ग बन्द गरेर नाच देखाइन्छ । जात्रा सकी आज नवदुर्गाका गण पैदलमार्गबाट भक्तपुर फर्कन्छन् । रासस

# वकिलको तेस्रो राष्ट्रिय सम्मेलन सम्पन्न

■ प्रभाव संवाददाता

**काठमाडौं–** याय क्षेत्रका सबै सरोकारवालाको आपसी समन्वयलाई प्रभावकारी बनाएर अपराध अनुसन्धान, अभियोजन र न्याय सम्पादन कार्यमा सुधारलगायत २३ बुँदे घोषणापत्र जारी गर्दै सरकारी वकिलको तेस्रो राष्ट्रिय सम्मेलन, २०७७ सम्पन्न भएको छ ।

घोषणापत्रमा अपराध अनुसन्धानमा सुधार भएमा मात्र अभियोजनमा सुधार गर्न सम्भव हुने यथार्थलाई आत्मसात गरी अनुसन्धानकर्ता र अभियोजनकर्ताको समन्वयलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता औँल्याइएको छ ।

घोषणापत्रमा निरन्तर बहस पैरवी र प्रतिरक्षामा संलग्न रहने सरकारी वकिल निजामती कर्मचारी मात्र नभइ व्यावसायिक वकिल पनि भएकाले सरकारी वकिलका रूपमा कार्य गरिएका अनुभवलाई कानून व्यवसाय गरेको अनुभवसमेत गणना हुने व्यवस्था गर्न आग्रह गरिएको छ ।

न्याय सम्पादन प्रक्रियामा सुधारका लागि न्यायालयले अगाडि बढाएको फरक मुद्दाको फरक व्यवस्थापनसमेतका कार्यक्रमलाई प्रभावकारीरूपमा कार्यान्वयनमा ल्याउने र समयमा मुद्दामामिलाको किनारा गर्ने कार्यमा सरकारी वकिलको सदैव सहयोग उल्लेख गरिएको छ ।

घोषणापत्रमा सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन विशुद्ध व्यावसायिक कार्य भएकाले सो कार्यमा कुनै पनि प्रकारको हस्तक्षेप वा अनुचित प्रभाव स्वीकार्य नहुने र अभियोजनकर्ताका लागि सर्वस्वीकृत अन्तर्राष्ट्रिय मापदण्ड, राष्ट्रिय कानून एवम् न्यायिक अभ्यासबाट विकासित भएका सिद्धान्त र मान्यता एवम् वकिलको आचारसंहितालाई अझ प्रभावकारीरूपमा कार्यान्वयनमा ल्याउनका लागि प्रतिबद्ध रहेको उल्लेख छ ।

सार्वजनिक हित र सार्वजनिक सम्पत्तिसम्बन्धी विवादमा सरकारका तर्फबाट प्रतिनिधित्व गर्दा तथा कानूनी राय उपलब्ध गराउँदा संविधान र कानूनले निर्धारण गरेको परिधिभित्र रही सार्वजनिक हित र सार्वजनिक सम्पत्तिको संरक्षणको पक्षमा प्रस्तुत हुने अठोट घोषणापत्रमा छ । यही पुस ८ देखि १० गतेसम्म भर्चुअल रूपमा सुरु भएको सम्मेलनको प्रधानमन्त्री केपी शर्मा ओलीले शुभारम्भ गर्नुभएको थियो ।

## होटल र रेष्टुराँको वर्गीकरण सुरू

**लहान(प्रस)–** सिरहाका होटल तथा रेष्टुराँको वर्गीकरण गरी खाद्य स्वच्छता र स्तरोन्नतिका लागि स्टिकर टाँस्ने अभियान सुरुआत गरिएको छ ।

खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण डिभिजन राजविराज र खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण डिभिजन प्रदेश २ कार्यालय जनकपुरले संयुक्त रूपमा सो अभियान सुरु गरेका हुन् । अभियानको पहिलो दिन सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँडेलको नेतृत्वमा लहानस्थित १७ वटा होटल तथा रेष्टुराँको अनुगमनपश्चात् स्तरीकरणको स्टिकर टाँस गरेको डिभिजन कार्यालय राजविराजका प्रमुख सुरेशकुमार सिंहले जानकारी दिए ।

लहानस्थित स्माइली होटल र अर्चिड क्याफे होटललाई उत्तम वर्ग (ख) वर्गको स्टिकर टाँस गरिएको छ भने विशाल, गोधुली, इस्ट पोइन्ट, मारुती होटललगायतमा सन्तोषजन वर्ग (ग) को स्टीकर टाँस गरेको प्रमुख सिंहले उहाँले बताउनुभयो । ती होटल र रेष्टुराँका सञ्चालकलाई खाद्य स्वच्छता र सरसफाइबारे आवश्यक तालीमसमेत दिइएको थियो ।

होटल तथा रेष्टुराँ सञ्चालकले खाद्य स्वच्छता र सरसफाइ व्यवहारमा लागू गरे/नगरेको जाँच गरेर स्तरीकरणको स्टिकर टाँस गरिएको प्रमुख सिंहको भनाइ छ । खाद्य स्वच्छता, सरसफाइ, भण्डारण, भान्साघर, फोहोरमैला व्यवस्थापनलगायतका विषयको स्थलगत अनुगमनपश्चात् तत्कालै स्तरीकरणको स्टिकर टाँस गर्दै प्रमाणपत्रसमेत उपलब्ध गराइएको थियो ।

अनुगमन तथा स्तरोन्नति टोलीमा घरेलु तथा साना उद्योग कार्यालय सिरहाका प्रमुख दीपेन्द्रकुमार यादव, राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष रामानन्द गुप्ता, उद्योग वाणिज्य सङ्घका र विभिन्न संघ संस्थाका प्रतिनिधि सहभागिता रहेको थियो ।

# संसद् विघटन गर्ने अधिकार प्रधानमन्त्रीलाई नभएको जिकिर

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल कम्युनिस्ट पार्टी (नेकपा) दाहाल–नेपाल समूहले संविधानले प्रधानमन्त्रीलाई स्वविवेकले संसद् विघटन गर्ने अधिकार नदिएको जिकिर गरेको छ । यही पुस ७ देखि ९ गतेसम्म राजधानीमा बसेको पार्टीको तेस्रो केन्द्रीय कमिटीको बैठकले संविधानमा कहीँकतै हालका अवस्थामा संसद् विघटन गर्ने व्यवस्था नभएको जनाएको छ । बैठकले अविलम्ब संसद्को अधिवेशन आह्वान र नियमित सञ्चालनको स्थिति बनाउन पनि माग गरेको छ । बैठकले संसद् विघटनविरुद्ध देशव्यापी संघर्ष गर्ने निर्णय गरेको छ ।

बैठकको निर्णय सार्वजनिक गर्न आज आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता नारायणकाजी श्रेष्ठले संविधान, संघीय लोकतान्त्रिक गणतन्त्र तथा संसद्को रक्षाका निम्ति पार्टीले पहिलो चरणमा संगठन र संघर्षको कार्यक्रम तय गरेको जानकारी दिए ।

बैठकले ११ पुसमा सबै प्रदेश कार्यालयको संयोजनात्मक र एक हप्ताभित्र प्रदेश कमिटीको बैठक, पुस १२ गते सबै जिल्लामा जिल्लास्तरीय कार्यकर्ता भेला, पुस १४ गते राजधानीलगायत सबै जिल्लामा विरोध प्रदर्शन, पुस २० सम्म सबै नगर र गाउँपालिकास्तरमा तथा पुस २५ सम्म सबै वडास्तरसम्म बैठक र भेला एवं पुस १४ सम्म जनवर्गीय संगठनको बैठक र भेला गर्ने निर्णय गरेको प्रवक्ता श्रेष्ठले जानकारी दिए ।

पहिलो चरणको कार्यक्रमपछि दोस्रो चरणमा थप सशक्त र उच्चस्तरको संघर्षको कार्यक्रम घोषणा गरिने उनले बताए । प्रतिनिधिसभा विघटनविरुद्धमा निर्णय लिने, आवाज उठाउने र विचार व्यक्त गर्ने राजनीतिक दल, संघसंस्था, नागरिक समाज, बुद्धिजीवी, पत्रकार, लेखक र व्यवसायीलगायत सबैमा बैठकले धन्यवाद ज्ञापन गरेको छ ।

बैठकले प्रतिनिधिसभा विघटनविरुद्ध कानूनी उपचारका निम्ति सर्वोच्च अदालतमा जाने निर्णयसमेत गरेको उनले जानकारी दिएका छन् । सोही निर्णयानुसार नेकपाबाट निर्वाचित विघटित प्रतिनिधिसभाका सदस्यले सर्वोच्च अदालतमा रिट निवेदन दिइसकेका छन् । पार्टी र संविधान एवं लोकतन्त्रका पक्षधर सबै सर्वोच्च अदालतबाट संविधानको प्रावधान, मर्म र भावनाअनुरूप निर्णय हुनेमा स्वाभाविक रूपले विश्वस्त रहेको उनले बताए । बैठकले देश र जनताका हितसँग सम्बन्धित विभिन्न समसामयिक प्रस्तावसमेत पारित गरेको जनाइएको छ ।


छिपहरमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
प्रदेश नं. २, नेपाल

**बोलपत्र आव्हन सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०९/११ गते**

यस कार्यालयबाट चालु आ.व २०७७।०७८ मा यस कार्यालय अन्तर्गत संचालन हुने तपसिलमा उल्लेखित आयोजनाहरुको बोलपत्र/दरभाउपत्र द्वारा गर्नु पर्ने भएकोले निर्माण व्यवसायी ऐन, २०५५ बमोजिम ईजाजतपत्र प्राप्त ईच्छुक उधोग व्यवसायीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्ववको बोलपत्र आव्हान गरिएको छ ।

१. अधावधिक नबिकरण गरेको इजाजतपत्र, स्थायी लेखा नं. प्रमाणपत्र, भू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व. २०७५।०७६ सम्मको आय चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र निवेदन सहित तोकिएको बोलपत्र दस्तुर तिरी (पछि फिर्ता नहुने) यो सुचना प्रकाशित भएको मितीले ३० औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट इच्छुक बोलपत्र दाताले बोलपत्र सम्बन्धित कागजात खरिद गर्न सकिनेछ साथै बोलपत्र पेश गर्न चाहिने बोलपत्र दाता तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखामा जम्मा गरेको भाउचरलाई बोलपत्र कागजात पेश गर्नु पर्नेछ ।
२. खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरि बोलपत्र दाताले प्रत्येक पानामा सहि छाप गरि सिलबन्दी गरी खाम बाहिर फारमको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितीले ३१ औं दिनको १२ बजे भित्र यस कार्यालयमा Hard copy दर्ता गर्न सकिनेछ ।
३. एक फर्म वा संस्थाको नाममा खरिद गरेको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।
४. दर्ता भएको बोलपत्र यो सुचना प्रथम पटक प्रकाशित भएका मितीले ३१ औं दिन दिनको १४:०० बजे कार्यालकका प्रतिनिधि तथा बोलपत्र दाताको रोहबरमा खोलिनेछ । बोलपत्र दाताको अनुपस्थिति भएमा पनि खोल्न बाधा पर्ने छैन ।
५. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सोको भोली पल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोहि समयलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।
६. सिलबन्दी बोलपत्र फारम साथ जमानत वापत तोकिएको रकम कार्यालयको **एन.आइ.सी. एसिया बैंक, भिस्वा स्थित धरौटी खाता नं. L6CA000187452404** मा जम्मा गरि सक्कलै बैंक भाउचर वा नेपाल सरकारबाट विडवण्ड जारी गर्न सकने ईजाजत प्राप्त बैंकहरुबाट बोलपत्र दाखिला गर्न अन्तिम मितीबाट कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल संलग्न गर्नु पर्नेछ ।
७. बोलपत्रमा आइटम वाइज दर अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
८. संयुक्त उपकमको मध्यबाट काम गर्न ईच्छुक बोलपत्र दाताले संयुक्त उपकम सम्बन्धित सम्झौताको सक्कल बोलपत्र कागजात साथ अनिवार्य पेश गर्नु पर्नेछ ।
९. छिपहरमाई गा.पा. को हितलाई ध्यानमा राखि कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१०. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनु पर्नेछ । बोलपत्र दाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रो संग बुझि दररेट भरेको मानिनेछ ।
११. शर्त रहेको, रित नपुगेको तथा म्याद नाघि आएको बोलपत्र उपर कुनै कारवाहि हुने छैन ।
१२. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ । बोलपत्र सम्बन्धित थप कुरा बुझनु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखि बुझ्न सकिनेछ ।

**बोलपत्र सम्बन्धि कार्यको विवरण**

| सि.नं | ठेक्का नं. | कार्यको विवरण | ल.ई रकम (भैट र कन्टेनजैसी) सहित | धरौटी रकम | बोलपत्र दस्तुर | कै. |
|---|---|---|---|---|---|---|
| १ | ३१/०७७/०७८ | खानेपानीको लागि चापाकल जडान, निर्वाचन क्षेत्र नं. ४ भरि | ४७,५९,२८८।३८ | १,१९,०००।०० | ३,०००।०० | |
| २ | ३२/०७७/०७८ | तीन कोठे भवन निर्माण, श्री रामज्ञा प्रा.वि.भेडिहरवा, छिपहरमाई गा.पा.-२ | ३९,९९,८७३।१२ | १,००,०००।०० | ३,०००।०० | |
| ३ | ३३/०७७/०७८ | तीन कोठे भवन निर्माण, श्री ने.रा.प्रा.वि. बडकी टिहुकी, छिपहरमाई गा.पा.-२ | ४७,९९,७५७।०३ | १,२०,०००।०० | ३,०००।०० | |
| ४ | ३४/०७७/०७८ | तीन कोठे भवन निर्माण, श्री ने.रा.प्रा.वि. टिहुकी, छिपहरमाई गा.पा.-२ | ३९,९९,२९३।१२ | १,००,०००।०० | ३,०००।०० | |
| ५ | ३५/०७७/०७८ | सौर्य सिंचाई प्रणाली जडान, छिपहरमाई गा.पा.भरि | ३८,१६,४७९।६० | ९६,०००।०० | ३,०००।०० | |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily


## सम्पादकीय

# संसद विघटन अमान्य

सैयौँको बलिदानीले आएको लोकतान्त्रिक गणतन्त्रलाई कमजोर तुल्याउन प्रधानमन्त्री र राष्ट्रपतिहरूले राजकीय शक्ति प्रयोग गरी संसद भंग गरेका छन् । देश र जनताको चाहनामाथि दुई व्यक्ति/व्यक्तित्त्वहरूले प्रहार गर्नु जनताले कुनै पनि कोणबाट सही देखेका छैनन् । कोभिड–१९ ले मुलुकलाई थिलोथिलो पारिरहेको बेला अहिले नै खर्बौं खर्च लाग्ने चुनाव सम्पन्न गराउनु भनेको मुलुकलाई आर्थिक चपेटामा पार्नेभन्दा अर्को केही छैन । खासमा संसद विघटनलाई देशी/विदशी शक्तिहरूको पनि ठूलो हात छ । नेपालमा शान्ति कायम नहोस् भन्ने अभिप्रायले विभिन्न शक्तिकेन्द्र धाउनेहरूकै योजनामा संसद विघटन भएको हो । यस्तो बेला नियमित निर्वाचनलाई त एकवर्ष पछि सार्नुपर्ने बेला यो बेला चुनाव घोषणा गरेर नेपाललाई वैदेशिक ऋण बोकाउनेभन्दा अर्को केही होइन ।

संसद् विघटन उपलब्धिविरुद्ध षड्यन्त्र भएकाले अब यो षड्यन्त्रलाई सफल हुन दिनु हुँदैन । संसद् विघटनलाई लोकतन्त्र र गणतन्त्रविरुद्ध षड्यन्त्र भएकाले यसलाई जनताले रोक्नुपर्छ । साँच्चै भन्ने हो भने संसद् अप्राकृतिक र असंवैधानिक तरिकाले विघटन गरिएको छ । संविधानले पनि कल्पना नगरेको बाटोबाट संसद विघटन गरिएकाले यो काम गर्नेहरू दण्डित हुनुपर्छ । यसका लागि अब जनतो नै अग्रसर भएर लाग्नुपर्ने बेला भएको छ । यो लोकतन्त्रका विरुद्ध, गणतन्त्रका विरुद्धभन्दा अरु केही होइन । जनताले अब यसलाई सफल हुन दिनु हुँदैन । त्यसैले संसद् विघटनविरुद्धको आन्दोलन सशक्त पार्ने बेला आएको छ । सबै राजनीतिक दल र खासगरी नागरिक समाजबाट आन्दोलनको बिगुल फुक्नुपर्छ । संविधानले कल्पना गरेकोभन्दा छुट्टै बाटोबाट संसद विघटन भन्ने कुरा सुन्नै नसकिने कुरा हो ।

संसद् विघटनका विरुद्ध संघर्षका कार्यक्रम घोषणा गर्नुपर्ने बेला भएको छ । विभिन्न राजनीतिक दलले र नागरिक समाज उठ्नैपर्छ । प्रधानमन्त्री र राष्ट्रपतिको सनकका भरमा संसद विघटन हुन्छ भने योभन्दा अर्को दुर्भाग्य कदम केही होला त ? संसद विघटनविरुद्ध नेपाली कांग्रेसले आन्दोलनको घोषणा गरेको छ । त्यस्तै, जनता समाजवादी पार्टीले पनि आन्दोलनको घोषणा गरेका छन् । त्यसो त नेकपाका प्रधानमन्त्रीइतरका नेताहरूले पनि आन्दोलनको घोषणा गरेको हुनाले यहि आन्दोलनमा अब नागरिक समाज पनि पस्नुपर्छ । प्रधानमन्त्रीबाट असंवैधानिक रूपमा संसद विघटन गरेकाले यसको विरोधभन्दा अर्को केही उपाय छैन । मुद्दा अदालतमा विचाराधीन भए पनि जनताले त आफ्नो अभिव्यक्ति स्वतन्त्रको उपयोग गर्न पाउनुपर्छ । प्रधानमन्त्रीले संसद विघटन गर्नुपरेको अहिलेसम्म चित्तबुझ्दो जवाफ भनेका छैनन् । उनले आफूलाई काम गर्न अप्ठ्यारो भएको कारण पेस गर्दै आएका छन् । तर, उनलाई काम गर्न नदिएको भए उनले कुर्सी छाड्नुपर्ने विकल्प हुँदाहुँदै संसद विघटनजस्तो गम्भीर निर्णय लिनु हुँदैनथ्यो ।



▶▶ खेम थपलिया

# ओलीको फासीवादी त्यान्द्रो

माओले भन्नुभएको थियो- पार्टीमा विश्वास गर, जनतामा विश्वास गर । ज-जसले पार्टीमा विश्वास गरेका छन्, ज-जसले जनतामा विश्वास गरिरहेका छन्, तिनीहरूप्रति जनताको आशातीत नजर अझै बाँकी नै छ तर, ज-जसले पार्टीमा विश्वास गर्न छाडेका छन्, जनतामा विश्वास गर्न छाडेका छन्, तिनीहरूमा अब केही पनि बाँकी छैनन्, तिनीहरू सर्वांग नांगो भइसकेका छन् । नेपालको समकालीन संसदीय व्यवस्थाका मतियारहरू जनताबाट निकै टाढा पुगिसकेका छन् । डबल नेकपामा देखा परेको छिनाझम्टीदेखि तिनको आफ्नै भ्रष्टाचारी अखडा प्रतिनिधिसभाको विघटनसम्म पुग्दा धेरै कुरा झनै स्पष्ट भएका छन् । उनीहरू आफैँलाई, आफ्नै पार्टीलाई पनि विश्वास गर्न सकिरहेका छैनन्, जनतालाई त झन् उनीहरूले विश्वास गर्न छाडेको उहिल्यै हो । निर्वाचनमा साम, दाम, दण्ड, भेदको अस्त्र प्रयोग गर्दा यदाकदा शाब्दिक रूपमा 'जनता' शब्दको उच्चारण हुनु उनीहरूको केवल बाध्यता मात्र हो । यतिबेला केपी ओली फासिवादी त्यान्द्रोमा रमाइरहेका छन् ।

नेपाली राजनीतिमा उस्तै र उही-उही खालको प्रवृत्तिको विकास हुँदै आइरहेको देखिन्छ । त्यसमा कुनै नवीनता र वैज्ञानिकता छैन । नेपाल राजनीतिको लगाम खास खास शक्तिको हातमा रहेको देखिन्छ । 'ठेकेदार' निगम पुँजीवादको स्थानीय शब्दावली हो । हुन पनि आजको नेपाली राजनीति पनि तिनै ठेकेदारकै हातमा नै छ । देशमा सरकार र आन्दोलनकारीका बिचमा घमसान लडाइँ पर्छ । लाखौं जनता सडकमा उत्रन्छन् । हजारौँको बलिदान हुन्छ । बेहिसाब घाइते हुन्छन् । आन्दोलन दबाउन सकियो भने दमनकर्ताहरूको छातीमा तक्माले छोपिन्छ । आन्दोलनबाट राजनीतिक परिवर्तन भयो भने तिनै सरकारी सुराकी, गुप्तचर, दमनकारीहरू राजनीतिक दलमा छिर्छन् । अनि सुरु हुन्छ, उनै दमनकारीहरू आन्दोलनकारीका नेतागिरी । अनि हेर्दाहेर्दै कोही प्रधानमन्त्री, मन्त्री, राजदूत, जीएम सबै-सबै पनि तिनै हुन्छन् । अनि, फेरि सुरु हुन्छ, जनतामाथिको प्रताडनाको अर्को चक्र । जबसम्म जनतामा आधारित राजनीतिक दलको निर्माण हुँदैन, जबसम्म पार्टीप्रति विश्वस्त वातावरण बन्दैन, तबसम्म यी र यस्ता प्रतिक्रान्तिकारी-पुनरुत्थानवादी हर्कतहरू पुनरावृत्त भइरहन्छ ।

०७ सालमा जनक्रान्ति धोकापूर्ण दिल्ली सम्झौतामा गएर टुंगियो र मोहन शमशेर प्रधानमन्त्री भए । यस्तो पनि सुनिन्छ छ कि त्यतिबेला नेपाल कम्युनिस्ट पार्टी सुदृढ भइसकेको हुन्थ्यो भने कम्तीमा गणतन्त्र आउने थियो । अलि मिलाउन सकिएको भए जनवादी क्रान्ति पनि सम्पन्न हुन सक्तथ्यो । जनताले फेरि पनि संघर्षकै बाटो हिँडिरहनुपर्‍यो । ०१७ सालमा राजा महेन्द्रले कू गरे । त्यसपछि सुरु भएको पञ्चायती व्यवस्थालाई अनेक फुँदा र फुर्कामा ३० वर्षसम्म लम्ब्याइयो । ०४५/४६ सालको संयुक्त जनसंघर्षका रूपमा जनआन्दोलन भयो । यो संघर्षका एकचरणमा डेमोक्रयाटहरूले पनि सघाए । खासमा मुख्य योगदान कम्युनिस्टहरूकै थियो । आन्दोलनकारीहरूले जनगणतन्त्रको पक्षमा र राजतन्त्रको समूल अन्त्यको चर्को नारा लगाए । यो जनसंघर्ष अलि विशिष्ट नै थियो । नेपालमा सबै कम्युनिस्टहरू एउटै मतोमा पुगेर अलि राम्ररी तयारी गरिएको भए त्यतिबेला पनि जनवादी क्रान्ति सम्पन्न हुने प्रचुर सम्भावना थियो । आन्दोलनकारीहरूको प्रतिनिधिको नाममा दरबारमा गएर वीरेन्द्रसित सम्झौता गरेर देश र जनतालाई ठूलो धोका दिइयो । पञ्चायती व्यवस्थाको अन्यको घोषणा त गरियो तर सारतः अन्तर्वस्तु उही नै रह्यो । कांग्रेस र एमालेहरू नेतृत्त्वमा आए, जनतामाथि दमनचक्र रोकिएन । गिरिजाप्रसाद कोइरालाले 'किलो सेरा टु' जस्ता जनता मार्ने अभियान नै चलाए ।

०५२ सालमा जनयुद्ध सुरु भयो । जनताको बलमा नेकपा माओवादीको नेतृत्त्वमा उठेको जनयुद्ध १० वर्षसम्म लम्बियो । जनयुद्धको राप, ताप र प्रकाश विश्वभर फैलियो । विश्वले सगरमाथाको देशतिर हेर भन्ने स्थिति बन्दै गयो । नेपाली समाज पुरानै अवस्थामा रहिरहन नसक्ने अवस्था सिर्जना भयो । जनताले वैकल्पिक राज्यसत्ताको अभ्यास गर्न थाले । जनसांस्कृतिक मूल्य स्थापित हुँदै गयो । जनयुद्धमा ८,८९५ जनाको सहादत भयो । कैयौँ बेपत्ता भए, कैयौँ घाइते छन् । फलतः महान् जनयुद्धको जगमा २०६२/०६३ का जनआन्दोलन भयो । जनताले अढाइसय वर्षको राजतन्त्रात्मक गजुर ढालिदिए । यथार्थतः सत्तामा तिनै सामन्तवादका चाकरहरू कांग्रेस, एमाले, राप्रपाहरू नै हाबी भए । राजतन्त्रको अन्त्यपछि पनि कमल थापाहरूको चुरीफुरी असह्य हुने गरी बढ्यो । फेरि पनि परिवर्तनविरोधीहरू नै सत्तामा रहिरहने अवस्था सिर्जना भयो । नेपालमा गणतन्त्र आउनु भनेको बयलगाडा चढेर अमेरिका जानुजस्तै हो भन्ने घोर दक्षिणपन्थी एवम् चरम गणतन्त्रविरोधी केपी ओली दुई-दुईपटक प्रधानमन्त्री बन्ने अवस्था आयो । पछिल्लो चरणको ओलीको सामाजिक फासिवादी दमन सबैले देखे-भोगेकै कुरा भइहाल्यो । देशभक्त तथा सच्चा गणतन्त्रवादीहरू ओझेलमै राखिराख्न विभिन्न तिकडम जारी छन् ।

०६२/६३ को जनआन्दोलनले राजतन्त्रको गजुर ढालिदिएपछि यो राजतन्त्र र तिनका मालिकहरूले संरक्षण दिइराखेका एउटा पंक्ति अभिभावकविहीन बन्न पग्यो । उनीहरूले प्रचण्डकहाँ पुगेर आफूहरूको अभिभावकत्व लिइदिन अनुरोध गरे । प्रचण्डले उनीहरूको अभिभावकत्व स्वीकार्दै पार्टीका लाखौं नेता तथा कार्यकर्ताप्रति आफ्नो जिम्मेदारी बिर्सिदिए । प्रेमबहादुर सिंहहरू पटक-पटक सांसद र मन्त्री यसै भएका होइनन् । एकनाथ ढकालहरू मन्त्री बने । अन्तर्राष्ट्रिय शक्तिहरूले नयाँ-नयाँ कलेवरद्वारा औपनिवेशिकता लाद्न थाले । घरेलु अवस्था पनि अकल्पनीय ढंगबाट अघि बढ्न थाल्यो । इच्छुकका हत्याराको प्रमोसन हुन थाल्यो । कृष्ण सेन 'इच्छुक' पुरस्कारको स्थापना र बितरण गर्ने काम पत्रकार ऋषि धमलाहरूले गर्न थाले । जनयुद्ध र माओवादीको चरमविरोधी सूर्य थापाहरू इच्छुक पुरस्कार थाप्ने थाले । माओवादी आदर्शमाथि हमला गरिएका कार्यक्रममा स्वयम् प्रचण्ड नै प्रमुख अतिथि बन्न थाले ।

नेपाली जनताले निकै लामो समयदेखि राष्ट्रियता, जनतन्त्र र जनजीविकाको संघर्ष गर्दै आएका छन् । शासकहरू आज पनि कोरोना कहरबिच आफ्नो भ्रष्ट र नालायकी प्रदर्शन गरिरहेका छन् । नेपाली जनताका महान् संघर्षबाट प्राप्त उपलब्धि पनि फासिवादी ओली सरकारकै कारण सङ्कटमा पर्दै गएको छ । उनीहरू राजनीतिक कोर्सलाई ओझेलमा पार्न कथित शान्ति र समृद्धिका कुरा गरिरहेका छन् । यसैका आडमा ब्रह्मलुट मच्चाइरहेका छन् । लोकतन्त्र भन्दै जनतालाई अधिकारविहीन बनाइएको छ । नेपालमा राजतन्त्रको अन्य हुनु ठुलै राजनीतिक परिघटना थियो तर सारमा प्राप्त उपलब्धिका साथ अग्रगमनको दिशामा लैजाने नीति र नेतृत्त्व नै भएन । देश र जनतालाई अगाडि लैजान चाहनेहरूलाई कुनै पनि स्थान नै दिइएन । माथि पनि कुरा गरिसकिएको छ कि क्रान्तिकारी परिवर्तनपछि क्रान्तिकारीको नेतृत्त्व हुनुपर्दथ्यो, तर त्यसो हुन सकेन । क्रान्ति भएका देशहरूमा पनि परिवर्तन गर्नेले नै सत्ता चलाएर एउटा आधार बनाएको देख्न सकिन्छ । एक त नेपालमा क्रान्ति नै अपूर्ण रह्यो, त्यसमाथि पनि शक्ति र सत्तामा प्रतिक्रान्तिकारी एवम् यथास्थितिवादीहरू नै पुगे । राज्यको पुनर्संरचना नारामा मात्र सीमित रह्यो । सङ्घीयता र शासकीय स्वरूप नै वर्णशङ्करीय संसदीय प्रणालीयुक्त बनाइयो । अवैज्ञानिक, असान्दर्भिक र असफल संसदीय व्यवस्थालाई काँध हाल्न थालेपछि विविध विकृति बढ्नु स्वाभाविकै हो । जनताले वैज्ञानिक समाजवादी व्यवस्थाको आवश्यकतालाई आत्मसात् गरिसकेका छन् । दलाल संसदीय व्यवस्थाको विकल्प उही मरणासन्न संसदीय व्यवस्था हुनै सक्तैन । यसको विकल्पमा पछाडि फर्कने कुरा झन् हुन सक्तैन । वैज्ञानिक समाजवादी व्यवस्था निर्विकल्प हो ।

क्रान्ति भनेको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तनलाई संस्थागत गर्ने कार्य हो । यो निरन्तर अग्रगति चरित्रयुक्त हुन्छ तर नेपालमा यस्तो भएन । परिणामतः हरेक क्रान्तिपछि प्रतिक्रान्ति नै हाबी बन्यो । प्रतिक्रान्तिकारीहरूले कहिल्यै पनि क्रान्तिकारी परिवर्तनको जग हाल्दैननन् । हामीले उनीहरूबाट त्यस्तो अपेक्षा पनि गर्नुहुँदैन । ओली सरकार दलालको पनि दलाल र कठपुतलीको पनि कठपुतली सावित बन्दै गएको छ । ओलीका हरेक कदम जनविरोधी र राष्ट्रघाती छन् । जनताको नैगर्सिगक हकअधिकारको विपक्षमा स्वयम् सरकार नै उभिएपछि यसबाट देश र जनताले अरू के नै आशा गर्न सक्लान् र ! एकाध कोणबाट मौजुदा दलाल संसदीय व्यवस्थालाई रंगरोगन गर्ने कुरा गरिँदै छ, जुन बिल्कुल गलत, अवैज्ञानिक र अप्राकृतिक कुरा हो । लासलाई जति रंगरोगन गरे पनि आखिर त्यो गन्हाउँछ, गन्हाउँछ । लास गन्हायो भनेर निरंकुशतातर्फ फर्किने कुरा झन् गलत हुन्छ ।

केही राजनीतिक दलले वैकल्पिक राजनीतिको कुरा गरिरहेका छन् । सारतः तिनीहरू पनि यही संसदीय व्यवस्थाको पृष्ठपोषक हुन् । उनीहरूको राजनीतिक, दार्शनिक, वैचारिक एवं व्यावहारिक आधार उही हो । नेपालका अधिकांश राजनीतिक दलले आवधिक योजनाको कुरै गर्दैनन् । यो आवधिकता किन पनि आवश्यक रहेछ भने यसले पुरानालाई नयाँ र नयाँलाई अझ नयाँमा हस्तान्तरणको कुरा गर्दछ, आवधिकतामा यति समयमा यति काम सम्पन्न गर्ने भन्ने योजना हुन्छ तर नेपालका राजनीतिक दल र तिनका नेताहरू यो कुरा स्विकार्दैनन् । नेपालमा राजनीतिक सम्प्रभुताबारे बहस भएकै छैन, अबको राजनीतिमा यो निकै महत्वपूर्ण कुरा बन्दै गएको छ । नेपालमा डबल नेकपा, कांग्रेस, जसपा, राप्रपाहरू टेस्टेड भइसकेकै छन् । विचार-राजनीतिमा पार्टी साना-ठुला वा नयाँ-पुरानो हुनुले खास फरक पार्दैन । आजको ठूलो पार्टी भोलि सानो पनि हुन सक्तछ । आज सानो भनिएको पार्टी भोलि ठूलो पनि हुन सक्तछ । ठूलो स्वरमा पुराना राजनीतिक दलहरूको औचित्य सकियो भन्न सक्नेहरूले दलाल संसदीय व्यवस्थाको पनि सान्दर्भिकता सकियो किन भन्दैनन् ? राजनीतिमा आ-आफ्नो डम्फु बज्नु एउटा कुरा हो, युगीन आवश्यकताबोध गरेर त्यसतर्फ पाइला चाल्नु अर्को कुरा हो ।

खुसीको कुरा हो कि नेपालमा दिन-प्रतिदिन उत्पीडित तथा श्रमजीवी जनताको पक्षमा आवाज मुखर बन्दै छ । कमरेड विप्लवले नेतृत्त्व गर्नुभएको नेपाल कम्युनिस्ट पार्टी नेपाली जनताको चाहना र क्रान्तिको आवश्यकतालाई सम्बोधन गरेर पुनर्गठन भएको पार्टी हो । राजावादीहरूको 'राजा आऊ, देश बचाउ' भन्दै गरिएको राजनीतिक बिजिनेस र नेपाली कांग्रेसले ओली सरकारलाई भ्रष्टाचारी भन्दै गरेको देशव्यापी प्रदर्शनको अन्तर्वस्तु एउटै हो । यथार्थतः राजावादी, ओलीवादी र कांग्रेसवादी एउटै हुन् । ओलीले नेपाल कम्युनिस्ट पार्टीमाथि लगाएको राजनीतिक प्रतिबन्ध र उसले देशव्यापी चलाएको हिंसात्मक दमनचक्रलाई तिनै पुरातन शक्तिसित जोडेर विश्लेषक पनि भइरहेका छन् । नेपाली समाजको चिन्तनधारा अझै पनि उन्नतनशील हुन सकेको देखिँदैन । नेपाली समाजमा उच्च चरित्र निर्माण गर्ने खालको सामाजिक संरचना नै बनेको देखिँदैन । यथार्थतः हाम्रो जोड कसैको चरित्र हत्यामा होइन, अधिकतम उसको उच्च चरित्र निर्माणमा हुनुपर्दछ । हाम्रो जोड मुख्यतः रूपान्तरणमै हुनुपर्दछ । एउटै राजनीतिक डुंगामा बसेर एउटाको बद्नाम भइरहँदा अर्को मुस्कुराइरहने प्रवृत्ति अभिशप्त समकालीनताको असामान्य मनोविज्ञानमा आधारित छ । यसले आबरणमा मान्छेजस्ता देखिए पनि यथार्थतः उनीहरू अझै पूर्ण मान्छे नबनिसकेको तथ्य नै स्पष्ट हुन्छ । पछिल्ला गतिविधिका आधारमा भन्न सकिन्छ, सारतः नेपालको पछिल्लो पचास वर्ष नयाँ मान्छे बन्ने प्रक्रियामा खासै प्रगति भएको देखिँदैन ।

यतिबेला नेपालमा क्रान्तिकारी, यथास्थितिवादी र पुरुत्थानवादी शक्तिका बीच घमसान परिरहेछ । नेपालमा राजनीतिको भ्रष्टीकरण र भ्रष्टीकरणको राजनीतिकरण तीव्र बन्दै छ । राजनीति र भ्रष्टीकरणको यस्तो विपर्यासी चिन्तन-व्यवहार बेला-बेलामा अग्रगामी राजनीतिक संस्थाहरूमा पनि देखिन खोज्छ । जनता नयाँ बिहानीको प्रतीक्षामा छन्, कुनै चिहानको होइन । हामीले राजनीतिलाई क्रान्तिकारीकरण गर्नु छ । भ्रष्टीकरणलाई दण्डनीय बनाउनु छ । रूपान्तरणको प्रक्रियालाई सुदृढ गर्नु छ । आलोचना-आत्मालोचनाको विधिलाई कडाइपूर्वक लागु गर्नु छ । क्रान्तिकारी सिद्धान्तलाई जीवन-व्यवहारमा उतार्नु छ । दलाल संसदीय व्यवस्थाको चिहानमाथि वैज्ञानिक समाजवादी व्यवस्थाको रातो फूल फुलाउनु छ । ओलीको फासीवादी त्यान्द्रो चुँडिनुको कुनै विकल्प छैन । रातोपाटी

## मननयोग्य

# विदुर नीति

अग्लो शरीर, ठूलो उठेको निधार, लामो केश, तेजिला आँखा राजषि पहिरनले गर्वित हिँडाइ । सर्तक दृष्टिले उनले सबैतिर हेरे र नन्दका आसनको छेउमा रहेको अगाडिको मुख्य आसनमा बसे । केही समयपछि फेरि घोषणा भयो- राज्यशिरोमणि मगधाधिपति महाराज महापद्मानन्दको सवारी हुँदैछ । नन्दको प्रवेशमा सबै दरबारिया उभिए । सेतो कलाप, भद्दा शरीर, लोलाएका आँखा, गलामा मोती र मणिका माला, शिरमा रत्नजडित मुकुट, खुट्टा लर्बराउँदै दरबारमा नन्दको प्रवेश भयो । उनका अगल - बगलमा नवयौवनाहरू उत्तेजक पहिरनमा सजिएर हिँडिरहेथे । दरबारको बीचमा दिव्य सिंहासनमा नन्द बसे । सँगै आएका युवतीले मखमलको पंखा लिई अलगबगलबाट हम्कन लागे । एउटी पातलो कपडा पहिरएकी मोहनी मूर्तिले सुनका भाँडामा मदिरा खन्याएर नन्दतिर बढाई समाउनासाथ सबैले ताली पिटे । त्यसपछि एउटी सुन्दरीको प्रवेश भयो - पूर्णिमाका चन्द्रमाजस्तै चम्किने, मसखमण्डल, मदिराले लट्ठ भएजस्तँ दुई आँखा, कालो बादलजस्तो केशरासीद्वारा आफ्नो सौन्दर्य उनी स्वयं प्रस्तुत गरिरहेकी छन् । उनका दुई पोटिला स्तन, पातलो कम्मर, पुष्ट नितम्ब सबैलाई आकर्षित पार्न पर्याप्त थिए ।

चिल्लो भूइँमा ती सुन्दरी माछा उफ्रेजस्तै उफ्री- उफ्री नाचिरहेकी छन् । उनको शरीरमा हाड नै छैनन् भन्नेजस्तै भान परेको छ । धेरै नाचिसकेपछि थाकेकी ती सुन्दरीले राजालाई ढोगिन् । नृत्यको समाप्तिपछि त्यहाँ सपनाबाट बिउँझेजस्तै - जागेजस्तै) याँके । यसका सँगसँगै त्यसरुढोगिन् । नन्दले असर्फीले भरिएको थैलि नर्तकीतिर दरबारमा बसेका सबैले रूपैयाँको भेटी चढाए, रूपैयाँ नै रूपैयाँको बिस्कुनझैं त्यो ठाउँ देखियो ।

यी सब देखी चाणक्यको क्रेध उनको मुखमा प्रकट भइरहेन्थ्यो । सोच्दै थिए कि के यो मदान्ध राजाका हातमा मगध राज्य सुरक्षित छ ? यदि सिकन्दरले यस राज्यमा लडाइँ गरेका भए त्यो आँधी रोक्नसक्ने क्षमता थियो र नन्दमा ? राम्रो नै भयो सिकन्दर लडाइँ नै नगरी फर्केर गयो तर फेरि पनि त सिकन्दर फर्केर आउन सक्छ । किनकि, आम्भी र पुरु सिकन्दरका अधीनमा गई नै सके ।

मन्त्री राक्षसले दण्डको डर देखाई राज्य सञ्चालन सायद राम्रैसँग गरेकै होला तर जनताबाट नाना किसिमका कर लिई भरिएको राजकोष कसरी लुटाइरहेछ, यो सबैमा त्यो राक्षस त्यत्ति नै दोषी छ जति नन्द दोषी छ । मैले नन्दलाई समाप्त गर्नैपर्छ, मगधका लागि यस राजाको कुनै आवश्यकता छैन । मगधका लागि म आफैं राजाको खोजी गर्नेछु ।

## पत्र–मञ्जुषा

# संसद पुनर्स्थापनाको आवश्यक

**सम्पादकज्यू,**

मुलुक जनताको चाहनाबमोजिम चल्नुपर्छ । हिजो राजाको एकल हुकुमी शासनलाई जनताले नचाहेर नै आज मुलुकमा लोकतान्त्रिक गणतन्त्रको स्थापना गरेका हुन् । तर, यो शासन व्यवस्थामा पनि एक जनाको सनकको भरमा संसद विघटन हुने हो भने यो भन्दा अर्को गलत व्यवस्था अरु हुनै सक्दैन । विश्वमा अत्यन्तै सफल र रुचाइएको लोकतन्त्रलाई नेपालका प्रधानमन्त्री र राष्ट्रपतिले दुरूपयोग गर्ने अधिकार कस्ले दियो ? आफ्नो हातमा अधिकार वा शासकीय शक्ति हुनेबित्तिकै यस्तो सामन्तवादको अभ्यास गर्न नेपाली जनताले शासन सत्ता सत्ता दिएका होइनन् । अहिले संसद विघटनको मुद्दा अदालतमा छ । अदालतले जनताको इच्छाबमोजिम फैसला गर्ने छ भन्ने सबैको आसा छ । लोकतन्त्र यत्ति कमजोर नहोस् कि कुनै एक व्यक्तिको सनकमा संसद विघटन, संकटकालजस्तो अप्रिय कदम चाल्ने काम होस् ।

संसद विघटनविरुद्धको सबै रिटको सुनुवाई संवैधानिक इजलाशमा हुने भएको छ । संविधानमा प्रधानमन्त्रीले एकैपटक वा अरु सम्भावना हुँदाहुँदै संसद विघटन गर्न सक्दैनन् । अहिलेको अवस्था अरु सरकार बन्ने अवस्था नरहेको होइन । यो त आफूलाई प्रधानमन्त्री पदबाट हटाउने सम्भावना बढेपछि अरुलाई प्रधानमन्त्री बन्न नदिनका लागि कुर्सीका खुट्टा नै भाँच्ने असंवैधानिककाम भएको छ । यो मुद्दा संवैधानिक इजलाशमा पुगेको हुनाले अब संविधानबमोजिम नै यसको छिनोफानो हुने देखिन्छ । सर्वोच्चले अन्तरिम आदेश नदिई बुधबार सुनुवाइ भएका १२ सहित थप एक रिटको एक साथ संवैधानिक इजलाशमा सुनुवाई गर्ने निर्णय गरेको छ । आदेश अनुसार अब सबै रिटको शुक्रबार संवैधानिक इजलासमा सुनुवाइ हुने देखिन्छ । आवश्यक पर्‍यो भने यो मुद्दाको सुनुवाईका लागि बृहत इजलास गठन गरेर देश र जनतालाई लोकतन्त्रप्रतिको विश्वास गराउन वा न्यायालयप्रतिको आस्था बचाउन पनि संसद पुनर्स्थापना हुनु आवश्यक छ ।

कोभिड-१९ ले मुलुकको आर्थिक अवस्थालाई तहसनहस बनाएको अवस्थामा मुलुकले निर्वाचन थेग्न सक्दैन । यस्तो अवस्थामा नियमित निर्वाचन हुने भए पनि यसलाई एक वर्ष पछाडि धकेल्नुपर्ने बेला प्रधानमन्त्री र राष्ट्रपतिको चाहनामा निर्वाचन गराउनु नेपाली जनतामाथि कुठाराघात हो । यो मुद्दा संविधानको धारासँग सम्बन्धी भएकाले संवैधानिक प्रश्न रहेकाले संवैधानिक इजलासकै क्षेत्राधिकारभित्र पर्ने देखिएको सर्वोच्चले पनि देश र काललाई विचार गरेर फैसला गर्नुपर्छ । देश र कालभन्दा पनि संविधानमा लेखिएको कुरालाई आधार बनाइनुपर्छ । जनताको चाहना र संविधानविपरीत प्रधानमन्त्रीले संसद विघटन गरेको हुनाले अन्तरिम आदेश दिनुपर्ने देखिएको थियो । तर, सर्वोच्चले यसलाई संवैधानिक इजलाशमा पठाएकाले अब त्यहाँबाट यसबारे परिभाषा हुने नै छ । कतिपयले प्रतिनिधिसभा विघटनविरुद्ध परेको रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिने अनुमान गरे पनि अदालतले अनतरिक आदेश दिनु अस्विकार गरेकाले यसबारे छिट्टै आगामी शुक्रबार छिनोफानो हुन देखिन्छ ।

- हिरा थापा, बागलुङ ।

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdaily@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.



**दाउरा बोकेर गन्तव्यतर्फ** पोखरा-१८ सराङकोटका महिला वनबाट दाउरा बोकेर गन्तव्यतर्फ जाँदै । तस्बिर: रासस

# रेडियो सुन्दै, ज्ञान बढाउँदै

**बागलुङ–** बरेङ गाउँपालिकाका विद्यार्थी हरेक शनिबार बिहान रेडियो बिहानी सुन्न आतुर हुन्छन् । पैँतालिस मिनेट चल्ने ‘विषयगत हाजिरीजवाफ प्रतियोगिता’लाई विद्यार्थीले सातादिन पर्खिन्छन् । कोही विजेता बन्ने होडमा प्रतियोगितामा भाग लिन्छन् । कतिले रेडियो सुनेरै पनि विषयगत ज्ञानको दायरा बढाउँछन् । रेडियोसँगको सहकार्यमा गाउँपालिकाले थालेको उक्त प्रतियोगितात्मक कार्यक्रम छोटै अवधिमा प्रभावकारी बनेको छ ।

विद्यार्थीलाई स्वअध्ययनतर्फ प्रेरित गर्ने, प्रतिस्पर्धी भावनाको विकास गराउने, विषयगत शिक्षकलाई सक्रिय बनाउने आदि उद्देश्यले रेडियोमार्फत विषयगत हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गरिएको गाउँपालिकाले जनाएको छ । प्रतियोगितामा एक सातामा १० जना विद्यार्थीले भाग लिन्छन् । कक्षा पाँचदेखि १२ सम्मका विद्यार्थी प्रतियोगितामा सहभागी हुन पाउँछन् । प्रतियोगितामा उत्कृष्ट हुनेलाई गाउँपालिकाले पुरस्कृत गर्छ । टाढाका विद्यार्थी भएमा गाउँपालिकासम्म आउने यातायात खर्चसमेत प्रबन्ध गरिएको छ ।

‘अर्को साता कुन विषयको प्रश्न सोधिन्छ भन्ने रेडियोबाट पहिले नै विद्यार्थीलाई जानकारी गराउँछौं,’ गाउँपालिकाको शिक्षा शाखाका अधिकृत सूर्यप्रसाद शर्माले भने, ‘विभिन्न तीन वटा विद्यालयका शिक्षकले प्रश्नावली तयार गर्नुहुन्छ ।’

प्रश्नावली बनाएबापत शिक्षकलाई एक पटकमा रु १०० पारिश्रमिकसमेत दिने गरिएको छ । त्यस्तो जिम्मा आलोपालो गरेर सबै विद्यालयका विषयगत शिक्षकले पाउँछन् । विद्यार्थीले फोनमार्फत प्रतियोगितामा भाग लिन्छन् । एक जना विद्यार्थीलाई पाँच प्रश्न सोध्ने गरिन्छ । शिक्षकले पढाएको पाठ्यक्रम भित्रैबाट प्रश्न सोधिन्छ ।

कार्यक्रम सञ्चालन रेडियोकै प्रस्तोताले गर्ने गरी प्रबन्ध गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश थापाले बताएका छन् । कार्यक्रममार्फत स्थानीय सञ्चारमाध्यमको सदुपयोग र प्रवर्द्धनमा पनि टेवा पुगेको उनको भनाइ छ । ‘विषयगत हाजिरीजवाफ एकदमै सफल र प्रभावकारी छ,’ थापाले भने, ‘यसबाट विद्यार्थीको विषयगत ज्ञान वृद्धि त हुन्छ नै सँगै प्रतिस्पर्धी पनि बनाउँछ ।’ शिक्षकलाईसमेत पेशाप्रति जिम्मेवार बनाउने र प्रोत्साहित गर्ने विश्वास लिइएको छ ।

गाउँपालिकाले कोरोनापछिको विषम स्थितिमा रेडियोबाट वैकल्पिक सिकाइ सहजीकरण, एसइई दिने विद्यार्थीका लागि तयारी कक्षा पनि सञ्चालन गरेको थियो । समग्र शैक्षिक क्षेत्र सुधारका लागि ‘गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम’ पनि सञ्चालन गरिएको छ ।

उक्त कार्यक्रमअन्तर्गत हालसम्म १७ वटा विद्यालयले गाउँपालिकासँगको साझेदारीमा आन्तरिक सुधारका काम गरेका छन् । ‘शिक्षक झोला’, परिचयपत्र वितरणलगायतका कार्यक्रम पनि गाउँपालिकाले गर्दै आएको छ । गाउँपालिकामा ३५ सामुदायिक र एउटा संस्थागत विद्यालय सञ्चालित छन् ।

# तीन मन्त्रीद्वारा राजीनामा



■ प्रभाव संवाददाता

**हेटौँडा–** वाग्मती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलविरुद्ध अविश्वासको प्रस्ताव दर्ता भएको छ । सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का तर्फबाट मुख्यमन्त्री बनेको पौडेलविरुद्ध आफ्नै पार्टीका प्रदेशसभा सदस्यले अविश्वासको पत्र दर्ता गरेका हुन् ।

प्रदेशसभाका ४५ सदस्यले पौडेलविरुद्ध बिहान ११ बजे अविश्वासको प्रस्ताव दर्ता गरेको आन्तरिक मामिला तथा कानुनमन्त्री शालिकराम जम्कट्टेलले जानकारी दिएका छन् । प्रदेशसभामा नेपाल कम्युनिस्ट पार्टी(नेकपा)का ८०, नेपाली कांग्रेसका २२, विवेकशील पार्टीका तीन, नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका दुईदुई तथा तत्कालीन नयाँ शक्ति पार्टीका एक सदस्य छन् ।

नेपाल कम्युनिष्ट पार्टी(नेकपा) भित्र पछिल्लोपटक देखिएको विवादका कारण मुख्यमन्त्री पौडेलविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गरिएको उनले बताए । ‘हामीलाई माथिबाट निर्देशन आयो, त्यसैले अविश्वासको प्रस्ताव दर्ता गरेका हौं,’ उनले भने । त्यस्तै प्रदेशका तीन मन्त्रीले शुक्रबार नै आफ्नो पदबाट राजीनामा दिएका छन् । प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री अरुणप्रसाद नेपाल र सामाजिक विकासमन्त्री युवराज दुलालसँगै आफूले पनि राजीनामा दिएको मन्त्री जम्कट्टेलले जानकारी दिए ।

# पुल निर्माणले गति लिँदै

**चितवन–** नारायणगढ-मुग्लिन सडकखण्डका १५ पुल निर्माणको कामले गति लिएको छ । कोरोना संक्रमणका कारण केही महिना काम हुन नसकेको भए पनि पछिल्लो समय कामले तीव्रता पाएको हो । सो सडकखण्डमा रहेका १९ पुलमध्ये यसअघि तीनवटा निर्माण भइसकेको छ । एउटा पुल अन्तिम चरणमा पुगेको छ । बाँकी १५ पुलका लागि गएको चैतमा ठेकेदार कम्पनीसँग सम्झौता भएको थियो । सम्झौताको ३३ महिनामा काम सम्पन्न गर्ने गरी अनक कन्स्ट्रक्शनले ठेक्का स्वीकार गरेको छ ।

नारायणगढ-मुग्लिन सडक आयोजनाका सूचना अधिकारी इन्जिनियर सविना रानाभाटका अनुसार ती पुललाई दुई भागमा विभाजन गरेर ठेक्का लगाइएको छ । प्याकेज-१ मा मुग्लिनबाट यताका खहरे, चिम्पान्जी, तुइन, काली, टोपे, न्याम्सी र रिद्धीखोला गरी सात पुल छन् । प्याकेज-२ मा जुगेडी, खहरे, खोर, लामोबालुवा, भोर्ले, डुम्रे, सिमलताल र सेतीदोभान खोल गरी आठ पुल छन् ।

प्याकेज-१ को कूल ठेक्का रकम रु ६७ करोड ९९ लाख छ । पुल र नक्साङ्कनका लागि मात्र रु ५८ करोड ४० लाख छ भने अन्य रकम पोल सार्ने, बाटो फराकिलो बनाउने, नदी नियन्त्रणलगायतमा खर्च हुने उनले जानकारी दिए । दोस्रो प्याकेजको कूल ठेक्का रकम रु ५९ करोड पाँच लाखमध्ये नक्साङ्कन र पुलका लागि रु ४९ करोड ६० लाख हो भने बाँकी रकम अन्य काम गर्ने गरी ठेक्का लगाइएको हो ।

दुवै ठेक्का एउटै कम्पनीले पारेको हो । रानाभाटका अनुसार प्याकेज-१ का सात पुल ४४२ मिटर लामो छ भने प्याकेज-२ का आठ पुल ३८१ मिटर लामा छन् । ठेक्का लगाइएका पुलमध्ये कालीखोलाको पुल ७५ मिटर लामो छ । खहरे र भोर्लेको ७२ मिटर लामो हुन सक्ने आँकलन गरिएको छ । अन्य पुल छोटा छन् । प्याकेज-१ मा पर्ने मुग्लिनबाट यताका पुल निर्माण गर्न कठिन रहेको छ । पुलको चौडाइ ११ मिटर हुने भनिए पनि डिजाइनका क्रममा रहेकाले मुग्लिनतर्फका केही पुल साँघुरो हुनसक्ने रानाभाट बताउँछन् ।

पुलको गाडी हिँड्ने ठाउँ सात दशमलव पाँच मिटर फराकिलो हुनेछ । दुवैपट्टि एक दशमलव पाँच मिटर फराकिला फुटपाथ र २५ सेन्टिमिटर रेलिङका लागि छुट्याइएको छ । ठेकेदार कम्पनीलाई नक्सांकनसहित ठेक्का दिइएकाले कूल खर्चमा १० प्रतिशत तलमाथि हुन सक्ने आयोजनाले जनाएको छ । हालसम्म तीन पुल सेतीदोभान, जुगेडी र खहरेखोलाको नक्सांकन पुल महाशाखाले सदर गरी निर्माणसमेत थालिएको छ । रानाभाटले भने, ‘अन्य पुलको नक्सा बन्दै गरेको र सदरको चरणमा छन् ।’

भदौयता काम तीव्ररूपमा भएको उनले जानकारी दिए । सो सडक विस्तार गरिए पनि पुल साँघुरो हुँदा समस्या हुँदै आएको छ । ती पुल विश्व बैंकबाट पछि ऋण प्रवाह हुने गरी नेपाल सरकारको आफ्नै स्रोतबाट निर्माण थालिएको हो । रासस

# चार वर्षमा ९० बलात्कार

■ प्रभाव संवाददाता

**इलाम–** समाजमा बलात्कारका घटना भयावह बनेको देखिएको छ । इलाममा चार वर्ष (२०१७-२०२०) मा ९० वटा बलात्कारका घटना भएको देखिन्छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का अनुसार सन् २०१७ मा ३२, ०१८ मा २३, ०१९ मा २१ र ०२० मा १४ बलात्कारका घटना भएका थिए । यस्तै सन् २०१६ मा ११, २०१५ मा २१ र २०१४ मा ११ बलात्कारका घटना भएका थिए । यसमध्ये बलात्कारमा पर्नेमा बालिका बढी देखिन्छ । इन्सेकका अनुसार सन् २०१७ मा बलात्कारका ३२ घटनामा २२ बालिका र १० महिला, सन् ०१८ मा बलात्कारका २३ घटनामा १५ बालिका र आठ महिला तथा सन् ०१९ मा बलात्कारका २१ घटनामा बालिकाको संख्या १३ र महिलाको सङ्ख्या आठ थियो । पछिल्लो चार वर्षमा आत्महत्याका २६५, बलात्कारका ९०, घरेलु हिंसा ८५, बहुविवाह १७, हत्या १५, मानव बेचबिखन आठ, बलात्कारपछि हत्या तीन, जातीय विभेद र कुटपिट दुई/दुई र बालविवाह भएको इन्सेकको तथ्यांकले देखाउँछ ।

यस वर्ष सबैभन्दा अन्य घटनाका तुलनामा आत्महत्याको घटना बढी भएको छ । यस वर्ष ११४ वटा आत्महत्याका घटना देखिएको इन्सेक इलामका प्रतिनिधि कोकिला ढकालले जानकारी दिए ।

# काकाकुल सुखौरा गाउँमा बृहत् लिफिटङ परियोजना

■ खेमराज गौतम

**गलकोट–** सुखौरा भन्नेबित्तिकै बागलुङको दक्षिणको सबैभन्दा दुर्गम गाउँका रूपमा परिचित छ । बरेङ गाउँपालिका-५ सुखौरा दुर्गम भनेपछि केही अभाव नहुने कुरै भएन तर सुखौरासँग जोडिएको अर्को चरम अभाव भनेको खानेपानीको समस्या हो । हिउँदको समयमा दुई घण्टा लगाएर खानेपानी बोक्नु सुखौरावासीको नियति नै हो । सुखौरामा ४० वर्षदेखि खानेपानीको चरम अभाव छ । सुखौराको एक/दुई टोलमा होइन, साविक सुखौरा गाविस नै पानीको हाहाकारमा बाँच्दै आएको छ ।

सुक्खा क्षेत्र भएकाले सुखौरा आसपासमा पर्याप्त खानेपानीको स्रोत नहुँदा समस्या झेल्दै आएका सुखौरावासीको सपना भने अबको एक वर्षमा पूरा हुने भएको छ । सुखौराको २५८ घरमा लिफ्टमार्फत खानेपानी ल्याउने काम दुई वर्ष अघिदेखि सुरु भएसँगै सुखौराका जनताले सुखको सास फेर्ने भएका छन् । जिल्लाको सबैभन्दा बढी खानेपानीको अभाव भएको यस क्षेत्रमा गण्डकी प्रदेश सरकारले दुई वर्षदेखि लिफ्टमार्फत खानेपानी पुऱ्याउने गरी आयोजना सञ्चालन गरिरहेको छ ।

रु सात करोड ९८ लाखको लागतमा सुखौराका एक हजार ५४८ जनसङ्ख्यालाई पुग्ने गरी बृहत् खानेपानी आयोजनाको काम धमाधम चलिरहेको छ । सुखौराको धम्पु र बाहुनडाँडामा सात वर्षअघि खानेपानी तथा सरसफाइ परियोजनाअन्तर्गत सोलारबाट ५६ घरमा खानपानी पुर्‍याए पनि अन्य घरमा चरम सङ्कट रहँदै आएको छ । आयोजनाको काम धमाधम निर्माण भइरहको र अहिलेसम्म ६० प्रतिशत आयोजनाको काम सकिएको खानपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङका इन्जिनियर विक्रम शाहले जानकारी दिएका छन् । ‘आयोजना द्रुतगतिमा अगाडि बढेको छ, खानेपानीको संकट भएको सुखौरामा एक वर्षको सेरोफेरोमा लिफ्टमार्फत पानी वितरण गर्छौं,’ शाहले भने, ‘खानेपानीको स्रोत नभएको सुक्खाग्रस्त क्षेत्रमा लिफ्टमार्फत खानेपानी पुऱ्याउने गण्डकी प्रदेश सरकारको योजनाअनुसार सुखौराका जनतालाई खानेपानी प्रदान गर्न थालिएको हो ।’

सुखौराका अधिकांश समुदायले हिउँदको फागुन, चैत, कैशाख र जेठ महिनामा दुई घण्टा हिँडेर पानी ल्याउने गरेको स्थानीय अमृता पुनले जानकारी दिए । ‘अन्यत्र विकासका ठूलाठूला काम भएको सुनिन्छ, हाम्रो गाउँमा खानेपानी ल्याउनै दुई घण्टा हिँड्नुपर्ने समस्या छ,’ उनले भने, ‘गृहिणी महिलाको जीवन पानी बोकेरै जाला कि भन्ने थियो तर अहिले लिफ्टमार्फत पानी आउने भएको छ, हाम्रा धारामा खानेपानी नै ठूलो विकास हो ।’

हिउँदको समयमा खानेपानी बोक्दाबोक्दै अन्य काम गर्न नभ्याउने समस्या भएको स्थानीय कुमारी पुर्जाले बताएकी छन् । ‘दैलोमै खानेपानी आउने सपना पूरा हुने भएको छ, खानेपानी आयोजनाको श्रमदानमा खटिरहेका छौँ’ पुर्जाले भने, ‘अबको एक वर्षमा धारामा पानी आउने आस छ, खानेपानीको ४० वर्षदेखिको सपना पूरा हुने भएको छ ।’

खानेपानी आयोजना सुरु भएको ०७५ चैतदेखि अहिलेसम्म रु दुई करोड ६२ लाख ३८ हजार खर्च भइसकेको बरेङ सुखौरा लिफ्ट खानेपानी आयोजना उपभोक्ता समितिका अध्यक्ष अनिल भट्टराईले जानकारी दिए । सात वर्ष दुबईमा बसेर घरमा आएका भट्टराईले पुनः विदेश जाने प्रक्रिया बढाएको समयमा खानेपानी आयोजना बन्ने भएपछि विदेश त्यागेर खानेपानी आयोजनालाई सार्थकता तुल्याउन लागिपरेको बताए । ‘देश विदेशको विकास हेरियो, आफ्नो गाउँमा खानेपानी बोक्न दुई घन्टा लाग्छ,’ भट्टराईले भने, ‘बसाइँसराइले गर्दा समितिमा बसेर खट्ने मान्छे गाउँमा नभएकाले आफैँ अध्यक्ष भएर काम गरिरहेको छु, अबको एक वर्षमा आयोजना सक्ने लक्ष्य छ ।’

उनका अनुसार तम्मुखोला छेउमा रहेको मुहानमा एक लाख लिटरको ट्याांकी निर्माण गरी एक हजार २५० मिटरमाथि पुऱ्याएर सुखौरा गाउँलाई वितरण गर्ने गरी आयोजना निर्माण भइरहेको छ । मुहानको पानीलाई ६४५ मिटरमाथि पुऱ्याएर ट्यांकीमा हालिन्छ, त्यहाँबाट केही गाउँमा वितरणपश्चात पुनः ६४० मिटरमाथि पुऱ्याएर सुखौराको पूरै गाउँलाई खानेपानी पुऱ्याइन्छ । खानेपानीको मुहान र धम्पुगाउँमा एक/एक लाख लिटरको ट्यांकी, एक हजार २५० मिटर स्टिल तथा जिआइ पाइप, १५ किलोमिटर वितरण पाइप, १५ शाखा ट्यांकी, लिफ्टका लागि आवश्यक केन्द्रीय विद्युत्को दुई किलोमिटर प्रसारण लाइन निर्माण, नौ वितरण इन्टेक, मुहानमा शौचालयसहितको एककोठे भवनलगायत संरचना निर्माण भइसकेका छन् ।

यस वर्ष आयोजना अगाडि बढाउन रु ७४ लाख बजेट विनियोजन भएको छ । अर्को आर्थिक वर्षभित्र बजेट पुगेमा आयोजना सम्पन्न गर्ने गरी काम भइरहेको बरेङ-५ सुखौराका वडाध्यक्ष अम्मरबहादुर सरबुर्जाले जानकारी दिएका छन् । उनले खानेपानी नै सुखौराको मुख्य विकास रहेको भन्दै यहाँका स्थानीयवासीले घरमै पानी आउँदा विकासको महसुस गर्ने आसा व्यक्त गर्नुभयो । स्थानीयवासीले २० प्रतिशत श्रमदान गर्दै आएका छन् ।

प्रविधिका कारण बस्तीमुनिको पानी बस्तीभन्दा ५०० मिटर माथि पुऱ्याइनेछ । खानेपानी अभावमा गाउँमा हुनेखाने बसाइँ सरेर बुटवल, पोखरालगायत सहरमा जाने गरेका छन् । खानेपानी आएमा बसाइँसराइ रोकिनेमा स्थानीयबासी आसावादी छन् । गाउँमा विद्युत् तथा सडक पुगे पनि खानेपानीको अभावमा सिङ्गो गाउँ छटपटिएको छ । अहिलेको सरकारले जनताको खानेपानी समस्याका विषयमा सुनेको भन्दै स्थानीयवासी हर्षित छन् । अब सुखौरावासीको घरघरमा खानेपानी पुग्नेछ । आयोजनामा २२ र २५ हर्सपावरका दुई मोटर जडान, पाइप लाइनका पिलर, वितरण पाइप लाइन र धारा निर्माणको काम मात्रै बाँकी छ । रासस

# प्रभाव दैनिक
National Daily

शनिबार, ११ पुस २०७७ (Saturday, December 26, 2020)





## सिनेमा हल खुल्दै

झण्डै नौ महिनापछि आज शुक्रबारबाट सिनेमा हल खुल्ने भएको छ । चलचित्र व्यवसायीले सिनेमा हल खुलाउन लागेका हुन् । गत चैतदेखि बन्द रहेको हल खोल्न सरकारले चासो नदेखाएपछि व्यवसायीले स्वघोषणा गर्दै हल खोल्न लागेका हुन् । आजै ४ वटा फिल्म रिलिज गर्ने तयारी हल संचालकले गरेका छन् । चलचित्र संघका अनुसार शुक्रबारबाट हलमा 'आमा' र 'सेन्टी भाइरस' चलाइने भएको छ ।







### सुमन बैरागीको गीतिकारिता

# गायक बन्ने सपना तुहिएपछि गीतकार

■ प्रभाव संवाददाता

**काठमाडौं–** पत्रकारितामा एउटा छुट्टै पहिचान बनाएका सुमन बैरागी गीति लेखनमा पनि उत्तिकै सक्रिय नाम हो । सुगम संगीतका लागि मात्र नभएर हरेक प्रकारका गीति लेखनमा उनी स्थापित छन् । तर, उनलाई पत्रकारकै रूपमा धेरैले चिन्छन् ।

गीति लेखनमा दुई दशकको यात्रा गरिसकेका गीतकार सुमन बैरागीले लेखेका गीतहरू बजारमा चर्चाको शिखरमा रहेका छन् । सानैदेखि गीतसंगीतको रुचि राख्ने उनले स्कुले जीवनमा धेरै गीत, गजल र कविताहरू पनि लेखेको बताउँछन् । गाउँमा हुने हरेक रोधीमा प्रतिस्पर्धात्मक गर्न भ्याउँथे उनी । तर औपचारिकरूपमा भने २०५७ सालबाट गीति लेखनलाई लिने गर्छन् ।

उनले भने, 'जब गीति लेखनको केही नियमहरू सिकेँ, त्यसपछि औपचारिक रूपमा लेखनलाई अगाडि बढाए ।' सुरुमा उनले लेखेका गीतहरू डायरीमै सीमित थिए । तर, गीतको भावना बुझ्ने भएपछि रेकर्ड गर्ने सोचमा उनी दौडिए । उनी भन्छन्, ' मलाई गायक बन्ने ठूलो सपना थियो । गोरखाबाट एसएलसी दिएर काठमाडौं छिरेपछि नै गायक बन्ने प्रयासमा लालेको हुँ ।' गाउँमा छँदा रेडियोमा बजेका गीतहरूको प्रभाव एकातिर थियो भने अर्कातिर उनलाई गाउँको रोधीमा गाएको दोहोरी मनभित्रै गुञ्जिरहन्थे । त्यो बेला उनलाई गीत कहाँ र कसरी रेकर्ड हुन्छ भन्ने थाहा थिएन । तर, काठमाडौं छिरेपछि गायक बन्ने दौडमा धेरै ठाउँ धाएपछि बल्ल थाहा पाए । उनी भन्छन्, 'विस्तारै गीतसंगीतका साथीहरूको संगत हुन थाल्यो । रेकर्डिङ स्टुडियोसम्म पुग्ने वातावरण मिल्यो ।'

०५९ सालमा संगीत सिक्दै गरेको अवस्थामा गीत रेकर्ड गर्न साथीहरूसँग सल्लाह गरेको स्मरण गर्दै उनले भने, 'त्यसपछि आँसुको तलाऊ' एल्बम बजारमा ल्याएँ । दुई जनाको लगानीमा तयार भएको उक्त एल्बम कम्पनीसँग सम्झौता गरेर बजारमा प्रकाशनका लागि पठाएपनि कम्पनीले घात गरेपछि उनको गायक बन्ने सपना तुहियो । त्यसपछि उनी निरन्तर गीति लेखनतर्फ मात्र उन्मुख भए ।

सुमन बैरागीका 'नजलाइदेउ मुटु मेरो'ले स्रोतामाझ राम्रो छाप छोड्न सफल भयो । ०६९ सालमा रेकर्ड भएको त्यो गीत गायक प्रमोद खरेलको स्वरमा थियो भने सन्तोष श्रेष्ठले संगीत गरेका थिए । त्यसपछि ०६८ सालमा रेकर्ड भएको गीत 'तिम्ले सधैं पीडा दियौं'ले पनि उनको गीत लेखनशैलीको प्रंशसा मिल्यो ।

त्यस्तै, गीतकार सुमन बैरागीकै लेखन रहेको चलचित्र 'काले दाई'को राइफलको सिरानीले पनि डिजिटल बजारमा राम्रो सफलता हात पारेको थियो । जसमा ध्रुव बिस्को र सहिमा श्रेष्ठको स्वर रहेको छ भने दिपक शर्माको संगीत रहेको ट ।


'सलल बगेको पानी' बोल गीतले पनि उनलाई चिनाउन सफल बन्यो । मेला महोत्सवमा धेरै डिमान्ड हुने 'सलल बगेको पानी'लाई डेभिट शंकर र सहिमा श्रेष्ठले गाएका छन् । उनका चौतारीको बर एक्लै भयो, आफ्नो भाग्य आफैँ लेख्न पाए, रुँदै रुँदै गयौं, म त मान्दै मान्दिनँ, नेपाल भएर नै, कस्तो भयो होला, हाम्रो धर्ती, भन्दै होलान् शहरमा, धेरै माया गर्छु भन्थ्यौ, तिम्रै लागि हो, प्रवासको पीडा, दशैं आयो तिहार आयोलगायत दर्जनौं लोक, आधुनिक गीतहरू बजारमा आइसकेका छन् ।

उनले लेखेको राष्ट्रियभावको गीत 'नेपाल भएर नै म नेपाली बन्न पाछु' पाँचौं रापती म्यूजिक अवार्डमा उत्कृष्ट गीतकारको अवार्ड चुम्न सफल भएको थियो । त्यसो त उनका गीत 'प्रवासको पीडाभित्र घरबासको दुःख, कहिँ गए नि भेटिएन धन फल्ने रुख'ले राष्ट्रिय वर्ष गीत पुरस्कारसमेत पाउन सफल भएको थियो । गीतकार संघले आयोजना गर्ने राष्ट्रिय वर्ष गीत पुरस्कारमा उत्कृष्ट दशमध्ये उनको गीतले प्रथम स्थान हासिल गर्न सफल भएको थियो । ५१ हजार राशिको राष्ट्रिय पुरस्कार पाएसँगै सोही गीतले त्यो वर्ष अरु २ वटा अवार्डसमेत जितेको थियो ।

गीति लेखनसँगै उनी सांगीतिक क्षेत्रका संघसंस्थाहरूमा समेत प्रतिनिधित्व गर्दै आएका छन् । संगीत रोयल्टी संकलन समाजको कार्यकारी सदस्य, गोरखा सांस्कृतिक समाजको वरिष्ठ उपाध्यक्ष, संगीत कला पत्रकार संघको अध्यक्षलगायत विभिन्न संघसंस्थामा रहेर संगीत क्षेत्रको उत्थानका निम्ति क्रियाशील रहेका बैरागी म्यूजिक भिडियो निर्देशनमा पनि अब्बल ठहरिएका छन् ।

गीति लेखनमा क्रियाशील रहँदै आएका गीतकार बैरागीका हालसम्म सयभन्दा बढी गीत रेकर्ड भइसकेका छन् । उनका करिब ३ सयभन्दा बढी गीतहरू डायरीमा सीमित छन् । पछिल्लो समय ती गीतहरूको संग्रहमा रहनेगरी पुस्तक प्रकाशनको तयारीमा रहेको उनले बताए ।

# माया जालैमा समीक्षा



■ प्रभाव संवाददाता

**काठमाडौं–** गायिका समिक्षा अधिकारी र गायक नारायण थापाको स्वर रहेको गीत 'माया जालैमा' सार्वजनिक भएको छ । मुकुन्द कोइरालाको शब्द, दीपकराज विश्वकर्माको संगीत तथा मिश्रण रहेको उक्त गीतको भिडियो सार्वजनिक भएको हो ।

सुधिर श्रेष्ठ, पुरु सिग्देल र स्मारिका ढकालको अभिनय रहेको गीतको भिडियोलाई निर्देशक प्रकाश धितालले गरेका हुन् भने कोरियोग्राफी केशबराज भट्ट (समिर)ले गरेका हुन् । सार्वजनिक भएको उक्त गीतको भिडियोलाई दर्शक तथा श्रोताको मन जित्ने आशा लिएको गीतका गायक बताउँछन् ।



# 'सी' डिभिजन लिग फुटबल चैतमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** स्थगित भएको २०७६ सालको शहिद स्मारक 'सी' डिभिजन लिग आगामी चैत १ गतेदेखि सञ्चालन हुने भएको छ ।

अखिल नेपाल फुटबल संघ (एन्फा)ले सी डिभिजन लिगका पदाधिकारीसँग बिहीबार छलफल गर्दै गत वर्ष चैतमा स्थगित भएको लिग पुनः सञ्चालन गर्ने निर्णय गरेको हो । कोरोना भाइरसको महामारीका कारण सी डिभिजन लिग स्थगित भएको थियो । गत वर्ष स्थगित भएका घरेलु प्रतियोगिता यस वर्षभित्रै सम्पन्न गरिने एन्फा प्रवक्ता किरण राईले जानकारी दिए ।

सी डिभिजन लिगको तयारी गर्न एन्फाले प्रत्येक क्लबलाई रु नौ लाख सहयोग गर्ने भएको छ । यसअघि लिग तयारीका लागि प्रत्येक क्लबलाई एन्फाले रु सात लाख आर्थिक सहयोग गर्दै आएको थियो ।

छलफलमा एन्फा अध्यक्ष कर्माछिरिङ्ग शेर्पा, महासचिव ईन्द्रमान तुलाधर, लिग कमिटीका संयोजक विज्ञानराज शर्मालगायत एन्फा पदाधिकारी सहभागी थिए ।

एन्फाले बुधबार मात्र २०७६ सालमा कोरोनाका कारण स्थगित गरिएको सहिद स्मारक 'बी' डिभिजन लिग आगामी फागुन ११ गतेदेखि पुनः सञ्चालन गर्ने निर्णय गरेको थियो । नौ महिनाअघि बीचमै रोक्नुपरेको लिगलाई एन्फाको लिग कमिटीले पुनः सञ्चालन गर्ने निर्णय गरेको प्रवक्ता राईले बताउनुभयो । लिग सञ्चालनका क्रममा स्वास्थ्य मापदण्डको पालना गरिनुका साथै सबै खेलाडीको कोरोना परीक्षण गरिने छ ।

## धादिङमा मेयरकप ब्याडमिन्टन शुरु

**धादिङ–** जिल्लामा पहिलो पटक मेयरकप ब्याडमिन्टन प्रतियोगिता शुरु भएको छ । आठ विधामा सञ्चालन हुने प्रतियोगितामा जिल्लास्तरीय पुरुष एकल २१ समूह, जिल्लास्तरीय पुरुष युगल १६ समूह, नगरपालिकाअन्तर्गत पुरुष युगल ४७ समूह, अफिसर्स युगल १८ समूह, पालिकाअन्तर्गतको पुरुष युगल ३५ समूह, भेट्रान्स ४५ वर्षभन्दा माथिको एकल १२ समूह, १९ वर्षमुनिका पुरुष एकल ११ समूह, जिल्लास्तरीय महिला एकल १४ समूह गरी १७४ समूहले भाग लिने छन् ।

प्रतियोगितामा पुरस्कृत हुने सबै समूहका प्रतियोगीलाई जिल्ला ब्याडमिन्टन सङ्घले नगद पुरस्कार, कप, शिल्ड र प्रमाणपत्र दिने आयोजक राजकुमार श्रेष्ठले जानकारी दिए । प्रतियोगिता तीन दिनसम्म सञ्चालन हुने छ । जिल्ला ब्याडमिन्टन संघका अध्यक्ष विष्णुकुमार श्रेष्ठका अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा नीलकण्ठ नगरपालिकाका प्रमुख भीमप्रसाद ढुङ्गानाले खेलकूदका विकासमा आफूले सकेको ध्यान दिने दृढता व्यक्त गरे ।

## नेपालका तीन खेलाडीले युएईमा टी–१० लिग खेल्ने

**काठमाडौं–** नेपाली राष्ट्रिय क्रिकेट टोलीका तीन खेलाडीले युनाइटेड अरब इमिरेट्स् (युएई) मा टी-१० क्रिकेट लिग खेल्ने भएका छन् । सोमपाल कामी, करण केसी र कुशल मल्लले युएईमा लिग खेल्न लागेका हुन् ।

बुधबार राति भएको ड्राफ्टबाट तीनै जनालाई अनुबन्ध गरिएको छ । कामीले मराठा अरबियन्स, केसीले पुने डेभिल्स मल्लले टिम अबुधाबीबाट खेल्ने निश्चित भएको छ । कामीले यसअघि पनि विदेशी फ्रेन्चाइज क्रिकेट खेलिसकेका छन् ।

केसी र मल्ल पहिलो पटक विदशी लिग खेल्न लागेका हुन् । यसअघि टी-टेन लिगमा नेपालका तर्फबाट सन्दीप लामिछाने र पारस खड्काले खेलिसकेका छन् । खड्का यसपटक टिम अबुधाबीको इमर्जिङ ट्यालेन्ट मेन्टरका भूमिकामा रहेका छन् । टी-१० लिग सन् २०२१ जनवरी २८ देखि शुरु हुनेछ । उक्त प्रतियोगितामा आठ टोली भिड्ने छन् ।

# प्रधानमन्त्री कपको प्रत्यक्ष प्रशारण डिस होममा

■ प्रभाव संवाददाता

**काठमाडौं –** प्रधानमन्त्री कप राष्ट्रिय महिला क्रिकेट प्रतियोगिताको प्रत्यक्ष प्रशारण गरिने भएको छ । नेपाल क्रिकेट संघ (क्यान)ले डिश मिडिया नेकवर्कसँग प्रत्यक्ष प्रशारण सम्बन्धि सम्झौतामा हस्ताक्षर गरेको छ ।

क्यान अध्यक्ष चतुरबहादुर चन्द र डिश मिडियाका प्रबन्ध निर्देशक सुदिप आचार्यले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् । क्यानले सम्झौताको अन्य विषय खुलाएको छैन ।




कोरोना महामारीका कारण स्थगित बनेको प्रधानमन्त्री कप राष्ट्रिय महिला क्रिकेट दाङ्गको लमहीमा पुस ११ देखि १९ गतेसम्म सञ्चालन हुदैछ । प्रतियोगिताको पहिलो खेलमा लुम्बिनी प्रदेश र प्रदेश नम्बर दुई भिड्नेछन् ।

# खेलाडी गुरुङलाई आर्थिक सहयोग

■ प्रभाव संवाददाता

**धरान –** अभ्यासका क्रममा लडेर घाइते भएका बास्केटबल खेलाडी प्रदीप गुरुङलाई उपचारार्थ रु दुई लाख सहयोग संकलन भएको छ । उनको अहिले विपी प्रतिष्ठानमा उपचार भइरहेको छ । बास्केटबल संघ धरान र सुनसरीद्वारा संयुक्त रूपमा मैत्रीपूर्ण बास्केटबल प्रतियोगिता आयोजना गरी उनको उपचारका लागि सो नगद संकलन गरिएको हो । संघका केन्द्रीय उपाध्यक्ष सुरज लामा र जिल्ला अध्यक्ष नारायण सुवेदीले बुधबार खेलाडी गुरुङलाई संकलित रकम हस्तान्तरण गरे ।

सोही अवसरमा धरान उपमहानगरपालिका- १८ का वडाध्यक्ष प्रवीण राईले रु १५ हजार र एन्फाका केन्द्रीय वरिष्ठ मानार्थ उपाध्यक्ष किशोर राईले १० हजार पनि सहयोग गरेका थिए ।

यसैगरी नेपाल बास्केटबल लिगबाट रु १० हजार, झापा बास्केटबल संघबाट पाँच हजार, हिमालयन मेगा कलेजबाट पाँच हजार र होप धरानले संकलित रु २७ हजार ४१० पनि खेलाडी गुरुङलाई हस्तान्तरण गरिएको बास्केटबल संघ धरानका सचिव विकास चाम्लिङले जानकारी दिए ।

संघका केन्द्रीय उपाध्यक्ष लामाले खेलाडी घाइते हुँदा राज्यले उपचारको प्रबन्ध गर्नुपर्छ भनेर ध्यानाकर्षण गराउनका लागि सहयोग जुटाउन खेल आयोजना गरिएको बताए । कार्यक्रममा बिपी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार प्रा डा मोहनचन्द्र रेग्मीले राष्ट्रका लागि खेल्ने खेलाडी घाइते हुँदा राज्यले नै उपचारको प्रत्याभूति गर्नुपर्छ भने ।

सातौं र आठौं राष्ट्रिय खेलकूद प्रतियोगितामा उत्कृष्ट खेल प्रस्तुत गर्न सफल २८ वर्षीय गुरुङ प्रदेश नं १ का उदीयमान खेलाडी हुन् । उनको दाहिने घुँडाको एन्टिरियर क्रुसिएट लिगामेन्ट(एसिएल) पूर्णरूपमा च्यातिएको छ । मिडियल मिनिस्कस र लेटिरियल मिनिस्कसको भाग पनि केही च्यातिएको चिकित्सकले जनाएका छन् । खेलाडी गुरुङको शल्यक्रिया तथा लिगामेन्ट प्रत्यारोपण गर्न कम्तीमा रु तीन लाख खर्च हुने छ ।

# इयु र युकेबीच व्यापार सम्झौता सम्पन्न

**ब्रसेल्स (रासस–एएफपी)–** बेलायत र युरोपेली युनियनबीच बिहीबार नयाँ व्यापार सम्झौतामा हस्ताक्षर भएको छ । युरोपेली युनियनबाट बेलायतको बहिर्गमन (ब्रेक्जिट) का सन्दर्भमा बेलायत र युरोपेली युनियन (इयू)बीच दश महिनादेखि जारी वार्ता सहमतिमा टुंगिएको हो । नयाँ वर्षको आगमनसँगै बेलायत औपचारिक रूपमा इयूबाट अलग हुनेछ । झन्डै आधा शताब्दीदेखि इयूमा आबद्ध बेलायतले पछिल्लो सम्झौता बमोजिम इयूबाट अलग भएसँगै इयूसँगको व्यापारमा करका प्रावधानहरू सामना गर्नु पर्नेछ ।

सम्झौतापछि बेलायतका प्रधानमन्त्री बोरिस जोन्सनले भने, ‘ हामीले हाम्रा कानुन र हाम्रो भविष्यलाई पुनः फिर्ता ल्याएका छौँ ।’ उता युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन लियेन भने निकै सचेत देखिएकी थिइन् । अंग्रेजी नाट्यकार विलियम शेक्सपियरको ‘विभाजन एक मीठो दुःख हो’ भन्ने उक्ति उद्धृत गर्दै उर्सुलाले भनिन्, ‘मध्यस्थताको सफल यात्राको अन्त्यमा मैले पनि खुसी अनुभव गरेको छु । तर आज, म शान्त छु, अझ खुलेर भन्नुपर्दा मैले सन्तोषको श्वास फेर्न



पाएकी छु ।’

उनले अझै पनि २७ मुलुक युरोपेली युनियनमा आबद्ध रहेका र झन्डै ४ करोड ४० लाख युरोपेलीले युनियनलाई नै विश्वास गरेकामा आभार व्यक्त गरेकी छन् । उनले भनिन्, ‘अब हामीले ब्रेक्जिटका कुरा छाड्ने दिन आइसक्यो । हाम्रो भविष्य युरोप मै छ । बेलायतले सन् २०१६ को जनमतसंग्रहपछि नै युरोपेली युनियन छाडेको थियो । दोस्रो विश्वयुद्धबाट थिलथिलो भएको युरोपको पुनर्निर्माण र राजनीतिक तथा आर्थिक परियोजनालाई सफल तुल्याउन इयू बनेको थियो ।

तर लन्डन अझै पनि ३१ डिसेम्बरको मध्यरातसम्म इयूका नियमहरूभित्रै रहने छ । तर त्यसपछि बेलायत युरोपेली युनियनको एकल बजार र भन्सार युनियनबाट बिदा हुनेछ । करिब दुई हजार पृष्ठको ब्रेक्जिट सम्झौतामा माछा मार्ने विषय निकै पेचिलो मुद्दा बनेको थियो । बेलायतको समुद्री जलक्षेत्रमा युरोपेली युनियनका मुलुकका नागरिकलाई माछा मार्न पहुँच दिने वा नदिने भन्नेमा निकै लामो बहस भएको थियो ।

बेलायती प्रधानमन्त्री जोन्सनले इयूसँगको सम्झौता पूरै युरोप र हाम्रा साझेदार सबै मुलुकका लागि निकै सकारात्मक रहेको बताएका छन् । ब्रेक्जिटमा सम्झौता भएलगत्तै आइरिस प्रधानमन्त्री माइकल मार्टिनले सम्झौता त्यति खराब नरहेको प्रतिक्रिया दिए ।


जर्मन चान्सलर एन्जेला मर्केलले सम्झौताले सकारात्मक नतिजा दिने विश्वास व्यक्त गरेकी छन् भने फ्रान्सेली राष्ट्रपति इमानुएल म्याँक्रोले युरोपेली मुलुकहरूको एकता र दृढता विजयी भएको बताए । सम्झौताको दस्तावेजलाई अब युरोपेली युनियनमा आबद्ध सबै २७ मुलुकमा पठाइने युरोपेली आयोगकी अध्यक्ष लियेनले जानकारी दिए । यस सम्झौतालाई युरोपेली राष्ट्रले अध्ययन गर्नेछन् भने बेलायतमा डिसेम्बर ३० का दिन सम्झौतामा मतदान हुनेछ ।

# ‘किसानका समस्या समाधानका लागि सरकार प्रतिवद्ध’

**नयाँ दिल्ली (रासस/एएफपी)–** कृषि क्षेत्रको सुधारसम्बन्धी कानुनमाथि असन्तुष्टि जनाउँदै आन्दोलनरत भारतीय किसानसँग समस्या समाधानका लागि नयाँ चरणको वार्ताका लागि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रबार आग्रह गरेका छन् ।

भारतीय किसानको आन्दोलनको एक महिनाको अवधि पूरा हुँदा प्रधानमन्त्रीले नयाँ चरणको वार्ताका लागि आग्रह गरेका हुन् । भारतको नयाँ दिल्ली प्रवेश हुने विभिन्न नाकामा रहेका राजमार्गहरूमा दशौँ हजार किसानहरूले २६ नोभेम्बरदेखि थालेको आन्दोलन सरकारका लागि एउटा जटिल समस्या बनेको छ । किसानहरूले सरकारद्वारा केही समय पहिले कृषि क्षेत्रको सुधारका लागि गरेको खासगरी तीन विधेयक किसानको हितमा नभएको आन्दोलनरत किसान समूहको जिकिर छ ।

उनीहरूले सरकारले गहुँ र चामलको मूल्य नतोकी ठूला व्यवसायीलाई मूल्यको जिम्मा छाडिदिँदा यो किसानकोभन्दा बढी उद्योगीको पक्षमा रहने र किसानहरू यसबाट मारमा पर्ने बताउँदै आएका छन् । देशभरका लाखौं कृषकहरूका लागि प्रत्यक्ष प्रसारण गरिएको भाषणमा प्रधानमन्त्री मोदीले सेप्टेम्बरमा पारित कानुनहरूले किसानले चाहेको व्यक्ति वा संस्थालाई आफ्नो उत्पादन बेच्नसक्ने र कृषि क्षेत्रमा रहेको कुप्रथालाई हटाउने बताए । उनले भने, ‘सरकारको कदमका कारण स्थानीय बजारहरू बन्द हुन्छन् र सरकारद्वारा तोकिएको न्यूनतम समर्थन मूल्य रोकिन्छ भन्ने झूट फैलाइँदै छ । यसका पछाडि नलाग्न र किसानको अधिकारको नाममा राजनीतिक स्वार्थ पूरा गर्ने समूहसँग किसान होसियार रहनुपर्छ ।’



भारतीय जनता पार्टीको अगुवाईमा पहलमा गत वर्ष नौ करोड भारतीय किसानहरूको हितका लागि भन्दै दुई अर्ब ५० करोड अमेरिकी डलर बराबरको आर्थिक योजना सञ्चालन गरेको प्रधानमन्त्री मोदीले चर्चा गर्दै उनले आफूले किसानहरूको अहित नचाहेको र उनीहरूसँग पुनः अर्को चरण वार्ता गर्न चाहेको बताए ।

प्रत्यक्ष नगद स्थानान्तरण योजनाअन्तर्गत साना किसानहरूले एक वर्षमा चार किस्तामा छ हजार रूपैयाँ पाउने गरी सरकारले कार्यक्रम ल्याएको थियो

मोदीले भिडीयो सम्मेलनका माध्यमबाट बिभिन्न राज्यका सात किसानहरूसँग कुराकानी गर्नुभएको थियो भने उनीहरूले सरकारको सुधार कार्यक्रमको प्रशंसा गरेका थिए ।

भारतमा करिब एक अर्ब ३५ करोड नागरिकमध्ये ७० प्रतिशत नागरिक कृषिमा आश्रित छन् र उनीहरूको राष्ट्रिय अर्थतन्त्रमा करिब १५ प्रतिशत योगदान रहको छ ।

# बेलायतबाट अमेरिका प्रवेश गर्नेलाई कोरोना नेगेटिभ अनिवार्य

**वासिङ्टन (रासस–एएफपी)–** अमेरिकी अधिकारीहरूले बेलायतबाट हवाई उडानबाट अमेरिका प्रवेश गर्ने यात्रुहरूले कोरोनाभाइरस परीक्षण गरेको प्रमाणपत्र पेस गर्नुपर्ने घोषणा गरेका छन् ।

बेलायतमा कोभिड-१९ को नयाँ संस्करण देखिएको भन्दै अमेरिका यात्रामा कडाई गरिएको अमेरिकी अधिकारीहरूले बताएका छन् । कोभिड-१९ को नयाँ संस्करण निकै संक्रामक रहेको वैज्ञानिकहरूको भनाई छ ।

नयाँ नियम सोमबारदेखि लागू हुनेछ । बेलायत प्रस्थान गर्नु ७२ घन्टाअघि हरेक यात्रुले कोरोना नेगेटिभ भएको रिपोर्ट पेस गर्नुपर्ने छ । नयाँ खतरनाक भाइरस देखिएको भन्दै बेलायतबाट न्यूयोर्कका लागि हुने सबै उडानका यात्रुलाई ब्रिटिस एयरवेज र डेल्टा समेतका कतिपय एयरलाइन्सले कोरोना परीक्षण अनिवार्य गरिसकेका छन् ।

बायोएनटेकले कोरोनाको नयाँ संस्करणलाई पनि आफूहरूले विकास गरेको खोपले काम गर्ने सम्भावना रहेको बताएको छ ।

**भारतमा कोभिड-१९ बाट एक लाख ४७ हजारको मृत्यु**

यता, भारतमा कोभिड-१९ बाट शुक्रबारसम्म मृत्यु हुनेको संख्या एक लाख ४७ हजार पुगेको छ । भारतीय स्वास्थ्य मन्त्रालयका अनुसार विगत २४ घन्टामा २३ हजारभन्दा बढी व्यक्ति कोरोना संक्रमित भेटिएका छन् । भारतमा हालसम्म एक करोड दुई लाखभन्दा बढी व्यक्ति कोरोना संक्रमित भएका छन् जसमध्ये ९७ लाख १८ हजार व्यक्ति कोरोनाबाट संक्रमणमुक्त भइसकेका छन् ।

यसैबीच, भारतमा कोभिड-१९ को परीक्षणको कार्यलाई थप विस्तार गरिने भारत सरकारले बताएको छ । हालसम्म १६ करोड नमुना परीक्षण भइसकेको छ । भारतीय राज्य दिल्लीमा पछिल्लो २४ घन्टामा एक हजार नयाँ संक्रमित भेटिएका र ३७ जनाको मृत्यु भएको भारतीय स्वास्थ्य मन्त्रालयले जनाएको छ । दिल्लीमा हालसम्म १० हजार ३८४ जनाको मृत्यु भइसकेको छ ।

**मोरक्कोले ६ करोड ५० लाख खोप लिने**

उता, उत्तर अफ्रिकी मुलुक मोरक्कोले नयाँ कोरोनाभाइरसका लागि ६ करोड ५० लाख खोप खरिद गर्ने भएको छ । मोरक्कोले आफ्ना २ करोड ५० लाख नागरिकलाई खोप दिने तयारी गरेको छ ।

मोरक्कोका स्वास्थ्य मन्त्री खालिद एट तालेबले एक विज्ञप्ति प्रकाशन गरी खोप खरिद र वितरणका लागि तयारी अन्तिम चरणमा पुगिसकेको बताएका छन् ।


## युकेमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRITANNIA RISKS GROUP

पूर्व स्वीकृति मिति: २०७७/०९/१० | LT. No.235520 | चलानी नं.६०१५३९६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव US$ | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Maritime Security Operators | 50 | 0 | 500 | ५८,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Basic Security Operators | 50 | 0 | 500 | ५८,९२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: कम्पनीको कार्यालय मिति: १८ पुस (2nd Jan 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Universal International (P.) Ltd.**
Panipokhari-3, Kathmandu Nepal. Tel: +977-1-4002602
E-mail : info@universalintl.com.np Website: www.universalintl.com.np
श्रम ईजाजत नं. ५८४/०६२/०६३

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONSTRUCTION HOUSE FOR READY MIX CO.

पूर्व स्वीकृति मिति २०७६/१०/१२ पून : विज्ञान स्वीकृति मिति २०७७/०९/१० | LT. No. 231845 | चलानी नं. ६०१५००५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WHOLE VEHICLE DRIVER | 4 | 0 | 1800 | ५६,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: पौष १९ गते (3rd jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/– रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रोजगारदाता आफैले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com
श्रम ईजाजत नं. ११७७/०७३/०७४

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DIRWAZAH ALMINZIFAH CO

पूर्व स्वीकृति मिति: २०७७/०९/१० | LT. No. 235521 | चलानी नं. ६०१५३०३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COFFEE MAKER | 1 | 0 | 160 | ४८,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | WAITER (Coffee Shop) | 1 | 0 | 160 | ४८,९५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: कम्पनीको कार्यालय, काठमाडौं मिति: २० पुस (4th Jan 2021) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/– कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Broadway Overseas Employment Service Pvt. Ltd.** Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Fax : +977 1 4475369

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL SRAIYA SECURITY SERVICES

पूर्व स्वीकृति मिति २०७७/०९/१० | LT. No. 235555 | चलानी नं.६०१५३९५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SECURITY GUARD | 95 | 0 | सम्बन्धित कामामा दक्ष | 1500 | ४८,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | LIGHT DRIVER | 5 | 0 | | 1800 | ५८,०१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: पौष १९ गते (3rd jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/– रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रोजगारदाता आफैले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Royal International Overseas Pvt. Ltd.**
Samakushi-29, Samakhushi Town Planning, Kathmandu, Nepal
Tell : +977-1 - 4385294, 4385295, Ph: 9801255512
Fax: +977-1- 4385296, Email: info.royal1034@gmail.com
Web: www.royalintloverseas.com
Govt. License 1034/072/073

## वर्गीकृत विज्ञापन संकलन काउण्टर

पशुपति विज्ञापन सेवा - सोह्रखटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोनं. ४३६४७१ । ध्रुवको पसल - डिल्लीबजार, फोन नं. : ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योती पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र संचार - सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी - बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी - गटठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर - कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः ०१-४२७१३२२ । दाजुभाई स्टेशनरी - पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - ९००००/- | प्रति तोला - ८९५००/- | प्रति तोला - ११५०/- |

# नाफिजका नवनिर्वाचित पदाधीकारीलाई बोर्डद्वारा बधाई

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारको नियामक निकाय नेपाल धितोपत्र बोर्डले एक साताभित्र ब्रोकर कमिसन घटाउने र स्टक डिलर कम्पनीलाई लाइसेन्स दिने भएको छ । बोर्ड अध्यक्ष भीष्मराज ढुंगानाले नेपाल आर्थिक पत्रकार संघ (नाफिज) का नवनिर्वाचित पदाधिकारीलाई शुभकामना दिँदै दुई विषयलाई एक साताभित्र टुंग्याउने गरी काम भइरहेको बताए ।

सो अवसरमा पुँजीबजारको विकास र विस्तारमा आर्थिक पत्रकारको महत्त्वपूर्ण भूमिका हुने बताए। पुँजीबजार देशको अर्थतन्त्रको ऐना भएको बताउँदै ढुंगानाले धितोपत्र बजार सूचनामा आधारित बजार भएको दाबी गरे । ढुंगानाको भनाइ छ, 'सही सूचना सम्प्रेषण भए मात्र बजारको दिगो विकास हुन्छ। यसअर्थमा पत्रकारको भूमिका ठूलो हुन्छ ।'

सो अवसरमा अध्यक्ष ढुंगानाले अंग्रेजी नयाँ वर्ष २०२१ को सुरुवातसँगै ब्रोकर कमिसन घटाएर लाने तयारी भएको जानकारी दिएका छन् । ब्रोकर कमिसनका विषयमा बोर्डले धेरै अध्ययन र अनुसन्धानपछि मोडालिटी तयार गरिसकेको र अब दर मात्र तय गर्न बाँकी रहेको अध्यक्ष ढुंगानाको भनाइ छ ।'हालको स्लाबलाई घटाउने हो या बढाउने हो ? ब्रोकर कमिसनबाटै बजार संवद्ध निकायले बाँडेर कमिसन लिइरहेका छन्, त्यसलाई छुट्टाछुट्टै बनाउने पो हो कि ? यी विषयमा पनि विचार गर्नुपर्ला,' उनले भने, 'बजारले पछिल्लो समय गति लिइरहेको छ । प्राथमिकसँगै दोस्रो बजारमा पनि लगानीकर्ताको आकर्षण बढिरहेको अवस्थामा नियामकले सोचेर निर्णय गर्नुपर्ने बेला आएको छ ।'




हाल धितोपत्रको दोस्रो बजारमा कारोबार गर्दा ०.६ प्रतिशतदेखि ०.४ प्रतिशतसम्म कमिसन तिर्नुपर्दछ । लगानीकर्ताले ५० हजारसम्मको सेयर खरिद बिक्री गर्दा ०.६ प्रतिशत र ५० हजारदेखि ५ लाखसम्मको कारोबारमा ०.५५ प्रतिशत कमिसन तिर्नुपर्ने व्यवस्था छ । त्यस्तै, ५ लाखदेखि २० लाख रूपैयाँसम्मको कारोबारमा ०.५ प्रतिशत, २० लाखदेखि १ करोडसम्मको कारोबारमा ०.४५ प्रतिशत र सोभन्दा माथिको कारोबारमा ०.४ प्रतिशत कमिसन तिर्नुपर्ने व्यवस्था छ ।

त्यस्तै, लामो समयदेखि लाइसेन्सको पर्खाइमा रहेको नागरिक स्टक डिलरले पनि यसै महिनाभित्र लाइसेन्स पाउने भएको छ। बोर्डका अध्यक्ष ढुंगानाले स्टक डिलरले सबै संरचना तयार गरिसकेकाले यसै साताभित्र अनुमतिपत्र प्रदान गर्ने बताएका हुन् ।

पुँजीबजार विकास र विस्तारका लागि प्राविधिक सुधारदेखि नीतिगत सुधारलाई ध्यानमा राखी अघि बढेको बोर्डले बैंक इन्ट्रग्रेसन, ब्रोकरको टिएमएस सुधार र कम्पनीले बोर्डलाई रिपोर्टिङ गर्नका लागि कागजी प्रक्रियाको अन्त्य गर्ने प्रयासस्वरूप इलेक्ट्रोनिक रिपोर्टिङ सिस्टमको विकास गरिसकेको समेत अध्यक्ष ढुंगानाले जानकारी दिए ।

अध्यक्ष ढुंगानाले सेयर बजार नयाँनयाँ रेकर्ड राख्ने बाटोमा अघि बढिरहेको पनि बताए । कार्यक्रममा उनले धितोपत्र बजारको राम्रो विकास भइरहेको दाबी गरे। बजार रेकर्ड राख्ने बाटोमा अघि बढिरहेको उनको भनाइ छ ।

उनले भने, 'सेयर बजारमा गत वर्षसम्म पुँजीकरणको ७-८ प्रतिशत कारोबार हुन्थ्यो, यसपाली २५ प्रतिशत पुगेको छ, यसलाई ४० प्रतिशत कटाउनु पर्नेछ ।'

बोर्डको चालू आवको नीति तथा कार्यक्रममा समेटिएका एक चौथाइ कार्यक्रम सम्पन्न गरिसकेको बताउँदै अध्यक्ष ढुंगानाले लगानीकर्ताले धेरै ठाउँमा केवाइसी भर्ने झन्झटको अन्त्य गर्न इ-केवाइसीका लागि सिडिएससीलाई कार्यविधि बनाउन जिम्मा दिएको समेत बताए ।

सो अवसरमा नाफिजका अध्यक्ष मोदनाथ ढकालले मुलुकको अर्थतन्त्रको ऐना भनेको पुँजी बजार भएकाले देशको अर्थतन्त्र सम्झँदा नेपालको पुँजीबजार सम्झिइने वातावरण बनाउने सुझाव दिएका थिए ।

त्यसका लागि सघाउन सम्पूर्ण आर्थिक पत्रकार तयार रहेको उनको जिकिर छ । ढकालले भने, 'सूचना ढोका (प्रणाली) बाट दिइएन भने झ्याल (गैरप्रणाली)बाट प्रवाह हुन सक्छ, त्यसले गलत सन्देश जान्छ,' उनले थपे, 'सम्बन्धित विषय सर्वसाधारणमाझ पुऱ्याउने माध्यम पत्रकार नै हुन् । आर्थिक र त्यसमा पनि धितोपत्र विषयमा लेख्ने पत्रकारको धितोपत्र बजारसम्बन्धी सूचना पहुँच बढाउन सहयोग गरिदिनोस्, क्षमता विकास गर्न सहयोग गर्नुस्, सही समाचार मात्र सम्प्रेषण हुन्छ ।'







प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : धुम्बराही-४, काठमाडौं, नेपाल, फोन/फ्याक्स नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बू, सम्पादकः कमलराज राई